# पवित्रता र नमाजको विधि

**लेखिका:**

## अस्मा तामाङ

**संशोधन:**

**शैख मुहम्मद सलीम साजिद मदनी**
**शैख ज़मीर अहमद अब्बास मदनी**
**शैख मुहम्मद मुस्तकीम हबीबुर्रहमान मदनी**
**सलमान जिरेल**


برنامج
وفرعها في السماء
دعوة للمساهمة في دعم
خمسة أنشطة للمكتب
بمبلغ خمسين ريال
توزع كالتالي:
كفالة داعية
رحلات تعليمية
صدقة جارية
تبرع عام
طباعة كتب



**COOPERATIVE OFFICE FOR CALL AND GUIDANCE IN AL- BATHA**
(UNDER THE SUPERVISION OF THE MINISTRY OF ISLAMIC AFFAIRS)
P.O.Box.No 20824 - Riyadh 11465 K.S.A.
Tel. 4030251 - 4083405 Fax. 4059387

# पवित्रता र नमाजको विधि

लेखिका:

अस्मा तामाङ

संशोधन:

शैख मुहम्मद सलीम साजिद मदनी
शैख जमीर अहमद अब्बास मदनी
शैख मुहम्मद मुस्तकीम हबीबुर्रहमान मदनी
सलमान जिरेल

المكتب التعاوني للدعوة والإرشاد
وتوعية الجاليات في منطقة البطحاء
تحت إشراف
وزارة الشؤون الإسلامية والأوقاف والدعوة والإرشاد
ص.ب: ٢٠٨٢٤ - الرياض: ١١٤٦٥
هاتف: ٤٠٣٠٢٥١ - ١ - ٠٠٩٦٦
٤٠٣٠١٤٢
٤٠٣٤٥١٧
٤٠٣١٥٨٧
فاكس: ٤٠٥٩٣٨٧
هاتف وفاكس صالة المحاضرات بالبطحاء
٤٠٨٣٤٠٥ - ١ - ٠٠٩٦٦

COOPERATIVE OFFICE
FOR CALL AND GUIDANCE
IN AL-BATHA
UNDER THE SUPERVISION OF
MINISTRY OF ISLAMIC AFFAIRS.
ENDOWMENTS, PROPAGATION AND GUIDANCE
P.O. BOX: 20824 - RIYADH 11465
TEL.: 00966 -1- 4030251
4034517
4031587
4030142
FAX: 4059387
Lecture hall. Tel. + Fax: 00966 -1- 4083405

# विषय सूची


| | | |
|---|---|---|
| प्रस्तावना | 5 | تقديم |
| लेखिकाको भनाइ | 7 | مقدمة |
| इस्लाममा नमाजको महत्व | 9 | أهمية الصلاة |
| नमाजको लाभ | 12 | فضل الصلاة |
| वजूको तरिका | 16 | كيفية الوضوء |
| तयम्मुमको तरिका | 21 | كيفية التيمم |
| निम्नलिखित कुराहरुले स्नान गर्नु अनिवार्य हुन्छ | 22 | موجبات الغسل |
| स्नान गर्ने तरिका | 23 | كيفية الغسل |
| नमाजको समय र रकआतको संख्या | 24 | أوقات الصلوات وعدد ركعاتها |
| अजानका शब्दहरु | 26 | كلمات الأذان |
| नमाजका महत्वपूर्ण शर्तहरु | 29 | شروط الصلاة |
| नमाजका आधारहरु | 31 | أركان الصلاة |
| नमाजका वाजिबातहरु | 32 | واجبات الصلاة |
| नमाजको पूर्ण तरिका | 33 | صفة الصلاة |
| नमाज पछिका दुआहरु | 51 | الأذكار بعد الصلاة |
| वित्रको नमाज | 56 | صلاة الوتر |

| | | |
|---|---|---|
| नमाज सम्बन्धित केहि महत्वपूर्ण कुराहरु | 58 | بعض مسائل الصلاة |
| नफिल नमाजहरु | 59 | صلاة النافلة |
| बिरामीको नमाज | 63 | صلاة المريض |
| जुमाको नमाज | 65 | صلاة الجمعة |
| दुईटै ईदको नमाज | 67 | صلاة العيدين |
| जनाजाको नमाज | 69 | صلاة الجنازه |
| यात्रीको नमाज | 72 | صلاة المسافر |
| डर त्रासको नमाज | 75 | صلاة الخوف |
| इस्तिखाराको नमाज | 76 | صلاة الإستخارة |
| इस्तिस्काको नमाज | 78 | صلاة الإستسقاء |
| ग्रहणको नमाज | 80 | صلاة الكسوف والخسوف |
| नमाजका केहि अवैध समयहरु | 82 | أوقات الصلوات المنهية |
| श्रोतहरु | 84 | مراجع و مصادر |

## प्रस्तावना

सम्पूर्ण प्रकारका प्रशंसाहरु अल्लाहका लागि हुन् जो सिंगो ब्रहमाण्डका मालिक हुनुहुन्छ।

अल्लाहको दया तथा कल्याण होस् हाम्रो नबी मुहम्मद (सल्लल्लाहू अलैहि वसल्लम) माथि र उहाँका परिवारहरु, उहाँका सबै साथीहरु तथा महाप्रलयको दिनसम्म उहाँका आज्ञापालन गर्नेहरु माथि पनि अल्लाहको दया तथा कल्याण होस्।

इस्लामका पाँच अधारभूत कुराहरुमध्ये अल्लाह र उहाँका अन्तिम सन्देष्टा मुहम्मद (सल्लल्लाहू अलैहि वसल्लम) माथि आस्थापछि दोस्रो मूल आधार नमाज (सलात) हो। यो उपासनाका प्रकारहरुमध्ये दैनिक पाँच पटक अनिवार्य रूपमा निर्धारित समयमा पवित्रताका साथ गरिने सबभन्दा महत्वपूर्ण उपासना हो।

नमाजले भक्तलाई उसको ईश्वरसित निकटता प्रदान गर्छ। मानवीय त्रुटी र पापको क्षमा याचनाको उत्कृष्ट माध्यम नमाज नै हो। इस्लामले नमाजलाई प्रत्येक बालिक मुस्लिम पुरुष-महिलामाथि अनिवार्य गरेको छ र यसलाई मुस्लिमको प्रमुख चिनारी अर्थात मुस्लिम र गैर-मुस्लिमको बीचको भिन्नता भनिएको छ।

प्रयलको दिन सबैभन्दा पहिला मानिसहरुसित नमाजको हिसाब लिइनेछ, यदि नमाजमा पास हुन्छ भने उसका अन्य उपासनाहरू स्वीकार्य हुनेछन् र यदि नमाजमा नै पास भएन भने अन्य सम्पूर्ण उपासनाहरू व्यर्थ

हुनेछन्। धेरै मुस्लिमहरु नमाजमा लापर्वाही गर्दछन्, कतिपयलाई त पवित्रता र नमाजको तरिकाको बारेमा जानकारी नै छैन।

आजको मितिसम्म पनि नेपाली भाषामा इस्लामिक पुस्तकहरुको धेरै अभाव रहेकोछ, यस आवश्यकतालाई मध्यनजर राख्दै शैख जमीर अहमद अब्बास मदनीज्यूका पत्नी श्रीमती अस्मा तामाङले निकै रोचक ढंगले सही अहादीसको प्रकाशमा यो किताब तयार पार्नु भएकोछ।

उहाँले यस पुस्तकमा पवित्रता र नमाजहरुका प्रकार एवम् यससंग संबन्धित महत्वपूर्ण कुराहरुलाई अत्याधिक राम्रो र सरल तरिकाले प्रस्तुत गर्नु भएकोछ। यो लेख नेपाली मुस्लिमहरु बीच लोकप्रिय साबित हुनेछ भन्ने आशा राखेको छु।

म अल्लाह सित यो प्रार्थना गर्दछु कि यस पुस्तकलाई लाभदायक बनाउन् र लेखिकालाई राम्रो प्रतिफलको साथै इस्लामको सेवाको लागि साहस प्रदान गरुन् आमीन।

प्रार्थक:

मुहम्मद सलिम साजिद अल- **मदनी**

इस्लामिक दावत सेन्टर, गर्बुद्दीरा

रियाध:

11/07/1430 = 04/07/2009

## बिस्मिल्लाहिर्रहमानिर्रहीम

## लेखिकाको भनाई

सर्वप्रथम सम्पूर्ण प्रकारका प्रशंसाहरू मात्र अल्लाह तआलाको लागि नै खास छन्, जसले ६ दिनमा आकाश र धर्तीलाई बनाउनु भयो र हामीलाई सत्य धर्म इस्लाम प्रदान गर्नुभयो । एउटा गैर मुस्लिम कुलमा जन्म भएपनि अल्लाह तआलाले सही मार्ग दर्शन दिई यसै इस्लाम धर्म अनुसार जीवन व्यतीत गर्ने साहस प्रदान गर्नुभयो। सलाम र शान्ति होस् मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम माथि र उहाँका परिवार र साथीहरुमाथि र अन्तिम दिनसम्म उहाँको अनुसरण गर्ने सबै अनुयायीहरूमाथि।

यो पुस्तिका हाम्रा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुको लागि मार्गदर्शन होस् र खास गरी नयाँ मुस्लिमहरुको लागि सरलता होस् भन्ने कामनाले मेरो मनमा यो पुस्तिका तयार पार्ने इच्छा जाग्यो, किनकी नमाज इस्लाम धर्मको पाँच आधारहरु मध्ये एउटा मूल आधार हो । जसलाई अल्लाह तआलाले आफ्नो अन्तिम सन्देष्टा श्री मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम र उहाँको अनुयायीहरु माथि मेराजको रातमा आकाशमाथि अनिवार्य गर्नुभयो। नमाज इस्लामको महत्वपूर्ण आधार हो। त्यसैले विभिन्न इस्लामिक पुस्तकहरुबाट महत्वपूर्ण कुराहरु सङ्कलन गरी यो पुस्तिका तयार गरेकी छु ।  यस पुस्तिकामा समावेश गरिएका कुराहरू कुरआन र सही हदीसहरुबाट प्रमाणित छन्। पुस्तक तयार गर्ने क्रममा मेरो आदरणीय श्रीमान

जमीर अहमद अब्बासले विशेष सहयोग गरीदिनु भयो र यो पुस्तिकालाई पुरै संशोधन गरिदिनु भएकोमा उहाँमाथि अति नै आभारी छु। अल्लाहले उहाँको

हरेक पाइलापाइलामा सफलता प्रदान गरुन र उहाँलाई सुख,शान्ति र स्वास्थ्य प्रदान गरुन, आमीन।

र श्री आदरणीय शैख मुहम्मद सलीम साजिद मदनी ज्यूले आफ्नो बहुमूल्य समय निकालेर यो पुस्तिका संशोधन गरिदिनु भएकोमा उहाँलाई बिशेष धन्यवाद दिन चाहन्छु र अल्लाह सित उहाँको सुस्वास्थ्यको दुआ गर्दछु।

र श्री आदरणीय शैख मुहम्मद मुस्तकीम हबीबुर्रहमान मदनी ज्यूलाई पनि हृदयदेखि नै आभार व्यक्त गर्दछु। उहाँले यस पुस्तिकालाई संशोधन गरीदिनु भयो र हदीसहरुलाई मूलश्रोतबाट प्रमाणित गरिदिनु भयो।

र यसैगरी म मेरो प्यारो भाई सलमान जिरेल ज्यूलाई पनि बिशेष धन्यवाद दिन चाहन्छु। उहाँले आफ्नो अमूल्य समय निकालेर अन्तिम संशोधन गरिदिनु भयो र अल्लाहले उहाँलाई यस लोक र प्रलोकमा सफलता प्रदान गरुन्।

मलाई आशा छ यो पुस्तिका प्रत्येक नेपाली भाषी मुस्लिमको लागि लाभदायक हुनेछ। अन्तमा, अल्लाह सित प्रार्थना गर्दछु कि अल्लाहले मेरो यस सानो धार्मिक कार्यलाई स्वीकार गरुन् र मलाई यस लोक र प्रलोक दुवै जीवनमा सफलता प्रदान गरुन्, आमीन।

**अस्मा तामाङ**

रियाध 01/07/1430

# أهمية الصلاة

## इस्लाममा नमाजको महत्व

नमाज इस्लामको महत्वपूर्ण आधार हो। नमाज बिना कसैको पनि इस्लाम पूर्ण हुन सक्दैन। नमाज पढ्न अल्छी मान्नु मुनाफिकहरुको निशानी हो र यसलाई छाड्नु भनेको कुफ्र गर्नु, पथभ्रष्ट हुनु र इस्लामको सीमाबाट बाहिर निस्कनु हो। नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छः

((بَيْنَ الرَّجُل وَبَيْنَ الْكُفْرِوَالشِّرْكِ تَرْكُ الصَّلاَةِ)) (رواه مسلم)

“मानिस र कुफ्र तथा शिर्कको बीच फरक गर्ने कुरा नमाजलाई छाड्दिनु हो,,। (सही मुस्लिम)

एक अर्को हदीसमा नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छः

((الْعَهْدُ الَّذِي بَيْنَنَا وَبَيْنَهُمُ الصَّلاَةُ، فَمَنْ تَرَكَهَا فَقَدْ كَفَرَ)) (رواه النسائي و ابن ماجه و صححه الألباني)

“हामी र काफिरहरुको बीच फरक मात्र नमाज हो, त्यसैले जुन व्यक्तिले नमाजलाई छाड्दियो उसले कुफ्र गर्यो। (नसाई व इब्ने माजा)

नमाज इस्लामको मूल आधार हो यो अल्लाह र उहाँको भक्तहरु बीच सम्बन्ध जोड्ने माध्यम हो। यसलाई स्पष्ट पार्न एउटा सही हदीसमा नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छः

((إِنَّ أَحَدَكُمْ إِذَا صَلَّي يُنَاجِي رَبَّه)) (رواه البخاري ومسلم)

“जब तिमीहरु मध्ये कोही नमाज पढ्छ तब आफ्नो ईश्वर संग मुनाजात अर्थात कानेखुसी गर्छ। (सही बुखारी र मुस्लिम)

नमाज भक्त र ईश्वर बीचको प्रेम चिन्ह हो र उसका अनुकम्पहरुप्रति कृतज्ञता व्यक्त गर्नु हो। अल्लाह तआलाको नजिक नमाजको महानता र महत्वको एउटा ठुलो प्रमाण यो हो कि, नमाज अनिवार्य उपासनाहरु मध्ये प्रथम उपासना हो जुन नबी सल्लल्लाहु अलैहि वसल्लम माथि अनिवार्य गर्नुभयो। जब नमाजलाई मेराजको रात यस उम्मत (समुदाय) माथि अनिवार्य गर्नुभयो, तब एकजना सहाबीले अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लम संग

प्रश्न गर्नुभयो; कुन कर्म सर्वश्रेष्ठ हो? उहाँले भन्नुभयो:

((الصَّلَاة عَلَى وَقْتِهَا)) (رواه البخاري ومسلم)

“नमाजलाई निर्धारित समयमा पढ्नु,,। (सही बुखारी र मुस्लिम)

एउटा हदीसमा नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ:

((أَوَّلُ مَا يُحَاسَبُ بِهِ العَبْدُ يَوْمَ القِيَامَةِ الصَّلَاةُ)) (رواه أبوداؤد و الترمذي و النسائي و ابن ماجه و اللفظ لمنسد أحمد بن حنبل و صححه الألباني)

“नि:सन्देह कियामतको दिन मानिसहरुको कर्महरु मध्ये सबैभन्दा पहिला नमाजको नै हिसाब हुनेछ।”

त्यसैगरी नमाजको महत्व एउटा अर्को हदीसबाट प्रमाणित छ जसलाई इमाम बुखारी रहमतुल्लाह अलैहले आफ्नो किताब सही बुखारीमा यसरी बयान गरेका छन्; कियामतको दिन जब अल्लाह तआला केही नर्कबासीहरु माथि दया र कृपाको दृष्टिले हेर्नुहुनेछ तब फरिश्ता (देवदूत) हरुलाई आदेश दिनुहुनेछ कि नर्कबाट यस्ता व्यक्तिहरुलाई बाहिर निकाल जुन व्यक्तिहरू

संसारमा अल्लाहको उपासना गर्दथ्ये। फरिश्ताहरुले यिनीहरुको सज्दाको निशानीबाट चिनेर नर्कबाट बाहिर निकाली दिनेछन् किनकि अल्लाहले सज्दाको निशानी (सज्दा गर्दा निधार वा अन्य शरीरको कुनै पनि भागमा बसेको दाग) को लागि नर्कको आगोलाई हराम गर्नु भएको छ। अल्लाहले हामी सबैलाई नमाज पढ्ने र यसलाई स्थापित गर्ने तौफीक प्रदान गरुन् आमीन।

# فضل الصلاة

## नमाजको लाभ

अल्लाह तआलाले कुरआन करीममा नमाजको अधिक महत्व र लाभ बयान गर्नु भएको छ र नमाजीहरुको धेरै प्रशंसा गर्नु भएको छ। त्यसैले कुरआनमा पटक-पटक नमाजको महत्व र लाभहरू वर्णन गर्दै यसलाई स्थापित गर्न र समयमा पढ्नका लागि प्रेरित गर्नु भएको छ।

अल्लाहले कुरआनमा भन्नु भएको छ:

حَٰفِظُواْ عَلَى ٱلصَّلَوَٰتِ وَٱلصَّلَوٰةِ ٱلْوُسْطَىٰ وَقُومُواْ لِلَّهِ قَٰنِتِينَ ﴿٢٣٨﴾

“नमाजहरुको सुरक्षा गर विशेष गरी बिचका नमाजहरू (फज्र र अस्र) को रक्षा गर र अल्लाहको लागि नम्रतापूर्वक उभिने गर।,, (अल-बकर:-२३८)

अर्को ठाउँमा भन्नु भएको छ:

وَأَقِمِ ٱلصَّلَوٰةَ ۖ إِنَّ ٱلصَّلَوٰةَ تَنْهَىٰ عَنِ ٱلْفَحْشَآءِ وَٱلْمُنكَرِ
(45)

“नमाज स्थापित गर निःसन्देह नमाजले निर्लज्जता तथा दुराचारबाट रोक्दछ।,, (अल-अन्कबूत: ४५)

त्यसैगरी अर्को ठाउँमा भन्नु भएको छ:

يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱسْتَعِينُواْ بِٱلصَّبْرِ وَٱلصَّلَوٰةِ ۚ إِنَّ ٱللَّهَ مَعَ ٱلصَّٰبِرِينَ ﴿١٥٣﴾

“हे ईमानवालाहरु हो! तिमीहरु धैर्यता र नमाजबाट मदत प्राप्त गर नि:सन्देह अल्लाह तआला धैर्यवानहरुको साथमा हुन्छ।” (अल-बकर १५३)

अल्लाह तआलाले प्रत्येक नमाजलाई त्यसको समयमा कायम गर्न आदेश दिदै कुरआनमा भन्नु भएको छ:

إِنَّ ٱلصَّلَوٰةَ كَانَتۡ عَلَى ٱلۡمُؤۡمِنِينَ كِتَٰبٗا مَّوۡقُوتٗا ﴿١٠٣﴾

“नि:सन्देह नमाज मोमिनहरु माथि निश्चित तथा निर्धारित समयमा कायम गर्न अनिवार्य गरिएको छ। “(अन-निसा:१०३)

अर्कोतिर अल्लाह तआलाले नमाज छाड्ने र यसलाई निर्धारित समयमा कायम गर्नमा आलस्य र सुस्ती गर्नेवालाहरुको लागि अजाब (प्रकोप) अनिवार्य गरेको छ।

यो कुरालाई प्रष्ट पार्दै अल्लाहले कुरआनमा भन्नु भएको छ:

فَخَلَفَ مِنۢ بَعۡدِهِمۡ خَلۡفٌ أَضَاعُواْ ٱلصَّلَوٰةَ وَٱتَّبَعُواْ ٱلشَّهَوَٰتِۖ فَسَوۡفَ يَلۡقَوۡنَ غَيًّا ﴿٥٩﴾

“उनीहरु पश्चात यस्ता कपुतहरू पैदा भए जसले नमाजलाई बर्बाद गरिदिए र कामुकताको अपेक्षा गर्दै त्यसैको पछाडि लागे अत: उनीहरु नर्कको तल्लो घाटीमा जानेछन्।” (मरियम:५९)

अल्लाह तआलाले आफ्नो महान किताबमा बयान गर्नु भएको छ कि पापीहरु नर्कमा जाने पहिलो कारण उनीहरुले नमाजलाई छाड्दिनु हो।

अल्लाहले भन्नु भएको छ:

مَا سَلَكَكُمۡ فِي سَقَرَ ﴿٤٢﴾ قَالُواْ لَمۡ نَكُ مِنَ ٱلۡمُصَلِّينَ ﴿٤٣﴾

"तिमीहरूलाई नर्कमा कुन कारणले हाल्यो? उनीहरुले उत्तर दिनेछन् कि हामीहरु नमाजी थिएनौ।" (अल-मुद्दस्सिर:४२,४३)

रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ:

((مَنْ صَلَّى البَردَين دَخَلَ الْجَنَّةَ)) (رواه البخاري و مسلم)

"जसले दुई चिसो समयहरूमा (फज्र र अस्र) नमाज पढ्छ, ऊ जन्नत (स्वर्ग) मा प्रवेश गर्नेछ।" (सहीस बुखारी र मुस्लिम)

नमाजले मानिसको पापलाई मिटाइ दिन्छ, एउटा सही हदीसमा मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमले भन्नु भएको छ:

((أَرَأَيْتُمْ لَوْ أَنَّ نَهَراً ببَابِ أَحَدِكُمْ يَغْتَسِلُ مِنْهُ كُلَّ يَوْمٍ خَمْسَ مَرَّاتٍ، هَلْ يَبْقَى مِنْ دَرَنِهِ شَيْءٌ؟ قَالُوا: لَا يَبْقَى مِنْ دَرَنِهِ شَيْءٌ قَالَ: فَذَلِكَ مِثْلُ الصَّلوَاتِ الْخَمْس يَمْحُو اللهُ بِهِنَّ الْخَطَايَا)) (البخاري و مسلم)

"यदि तिमीहरु मध्ये कसैको घरको ढोकाको सामुन्ने नदी बगिरहेको छ, त्यसमा ऊ दिनमा पाँच चोटी स्नान गर्छ भने के उसको शरीरमा कुनै फोहोर मैला बाँकी रहन्छ? उनीहरू (सहाबा किराम) ले जवाफ दिए: केहि फोहोर मैला बाँकी रहदैन। नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: त्यो नै पाँच चोटी पढिने नमाजहरूको उदाहरण हो, जसबाट अल्लाहले सबै पापहरू पखालि दिनु हुन्छ।" (बुखारी र मुस्लिम)

अबू जर रजियल्लाहु अन्हुबाट बयान छ कि एकदिन रसूलल्लाह सल्लल्लाहु अलैहि व सल्लम रुखको पात झर्ने मौसममा बाहिर निस्कनु भयो र उहाँले एउटा रुखको हाँगा समातेर हाल्लाउनु भयो त्यसपछि पातहरु अधिक मात्रमा झर्न थाले। त्यत्तिकैमा उहाँले भन्नुभयो:

“हे अबू जर! एउटा मुस्लिम जब अल्लाहको खुशीको लागि नमाज पढ्छ यसरी नै अल्लाहले उसको पापहरुलाई झारी दिनु हुन्छ।”

माथि बयान गरिएको सबै कुरआनका आयतहरु र हदीसहरुबाट यो प्रमाणित हुन्छ कि इस्लाममा नमाजको अत्याधिक महत्व छ र नमाज एउटा मुस्लिमको लागि अति आवश्यक छ तर अधिकांश मुस्लिमहरू यस्ता छन् कि आफूलाई मुस्लिम त भन्छन् तर नमाज पढ्दैनन् ।

म अल्लाह तआला सित दुआ गर्दछु कि सम्पूर्ण मुस्लिमहरूलाई नमाज पढ्ने तौफीक प्रदान गरुन् । आमीन !!

# كيفية الوضوء□
# वजूको तरिका

सही हदीसबाट प्रमाणित विधि अनुसार खास अंगहरु (अनुहार, दुवै हात तथा खुट्टाहरु) धुनुलाई वजू भनिन्छ।

## वजूको तरिका:

((بِسْمِ الله))

**बिस्मिल्लाह** भनी (अल्लाहको नामबाट) आरम्भ गर्नुपर्छ।

फेरी दुवै हातलाई नाडीसम्म ३-३ चोटी धुनुपर्छ।

औंलामा औंठी आदि लगाएको छ भने त्यसलाई तल-माथि हल्लाएर सफा गर्नु (औंठी लगाएको भाग पानीले भिजाउनु) पर्छ।

वजू गरिने अंगहरूमा पिठो नङ पोलिश आदि लागेको छ भने पहिला त्यसलाई सफा गर्नुपर्छ र सबै वजू गरिने भागको छाला पानीले भिज्नु पर्छ । त्यसपछि ३ चोटी मुखमा पानी हालेर कुल्ला गर्नुपर्छ फेरी नाकमा ३ चोटी  पानी हालेर सफा गर्नुपर्छ । पूर्ण अनुहार (निधारदेखि दाह्रीको तलसम्म र दायाँ-बायाँ कानसम्म पूर्ण खुल्ला अनुहार) ३ चोटी धुनु पर्छ। दुवै हातको औंलादेखि कुहिना समेत पहिला दायाँ अनि बायाँ ३-३ चोटी धुनुपर्छ।  सम्पूर्ण टाउको र दुवै कानलाई मात्र १ चोटी घस्नु (मसह गर्नु) पर्छ। यसको विधि यो छ कि दुवै हात पानीमा भिजाएर निधार देखि पछाडि गर्दनसम्म मसह गर्नु पर्छ र फेरी आरम्भ गरेको ठाउँसम्म हात फर्काउनु पर्छ। यसरी नै चोर औंलाले कानको भित्री भाग र बुढी औंलाले कानको बाहिरी भागमा मसह गर्नु पर्छ। अन्तमा दुवै खुट्टा गोलीगाँठोसम्म पहिलो दायाँ, अनि बायाँ गरी ३-३ चोटी धुनुपर्छ।  अब तपाईको वजू पूरा भयो ।


# वजूको तरिका फोटोमा हेर्नु

१. बिस्मिल्लाह भनी (अल्लाहको नामबाट) आरम्भ गर्नुपर्छ।


२.फेरी दुवै हातलाई नाडीसम्म ३-३ चोटी धुनुपर्छ।



**३. ३ चोटी मुखमा पानी हालेर कुल्ला गर्नुपर्छ, फेरी ३ चोटी नाकमा पानी हालेर सफा गर्नुपर्छ ।**




**४. पूर्ण अनुहार (निधारदेखि दाह्रीको तलसम्म र दायाँ-बायाँ कानसम्म खुल्ला अनुहार) ३ चोटी धुनु पर्छ।**



५. दुवै हातको औंलादेखि कुहिना समेत पहिला दायाँ अनि बायाँ ३-३ चोटी धुनुपर्छ।



६. सम्पूर्ण टाउको र दुवै कानलाई मात्र १ चोटी मसह गर्नु (घस्नु) पर्छ। यसको विधि यो छ कि दुवै हात पानीमा भिजाएर निधार देखि पछाडि गर्दन सम्म मसह गर्नु पर्छ फेरी आरम्भ गरेको ठाउँसम्म हात फर्काउनु पर्छ। चोर औंलाले कानको भित्री भाग र बुढी औंलाले कानको बाहिरी भागमा मसह गर्नु पर्छ।



वजू पश्चातको दुआ: “अश्हदु अल्ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु व अश्हदु अन्न मुहम्मदन अब्दुहू व रसूलुहू अल्लाहुम्मज अलनी मिनत्तव्वाबीन वज्अल्नी मिनल मुत-तह्हिरीन ” म गवाही दिन्छु कि अल्लाह बाहेक कोही पूज्यनीय छैन उहाँ एक्लै हुनुहुन्छ उहाँको कोही साझेदार छैन | म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम उहाँको सत्य भक्त र सन्देशवाहक हो | हे अल्लाह! मलाई अधिक क्षमायाचना (तौबा) गर्ने र पवित्रता प्राप्त गर्नेहरु मध्ये बनाइ देऊ।

७. अन्तमा दुवै खुट्टा गोलीगाँठो सम्म पहिलो दायाँ अनि बायाँ गरी धुनुपर्छ।



## वजू पश्चातको दुआ:

((أَشْهَدُ أَن لَا إِلَهَ إِلَّا اللهُ، وَحْدَه لَا شَرِيْكَ لَهُ وَأَشْهَدُ أَنَّ مُحَمَّداً عَبْدُهُ وَرَسُوْلُهُ، اللَّهُمَّ اجْعَلْنِي مِنَ التَّوَّابِيْنَ وَاجْعَلْنِيْ مِنَ الْمُتَطَهِّرِيْنَ))

**"अश्हदु अल्ला इलाह इल्लल्लाहू वह्दहू ला शरीक लहु व अश्हदु अन्न मुहम्मदन अब्दुहू व रसूलुहू अल्लाहुम्मज अलनी मिनत्तव्वाबीन वज्अल्नी मिनल मुत-तह्हिरीन "**

"म गवाही दिन्छु कि अल्लाह बाहेक कोही पुज्यनीय छैन, उहाँ एक्लै हुनुहुन्छ, उहाँको कोही साझेदार छैन। म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम उहाँको सत्य भक्त र सन्देशवाहक हो। हे अल्लाह! मलाई अधिक क्षमायाचना (तौबा) गर्ने र पवित्रता प्राप्त गर्नेहरु मध्ये बनाइ देऊ।" (बुखारी र तिर्मिजी)

## वजू सम्बन्धित केही कुराहरु:

वजू गर्दा अनुहार दुवै हात टाउको र दुवै खुट्टा धुनु अनिवार्य छ। १ चोटि धुनु वाजिब (अनिवार्य) र ३ चोटि धुनु सुन्नत (उत्कृष्ट) छ। टाउको र कान मात्र १ चोटी मसह गर्नु (घस्नु) पर्याप्त छ।

वजू छिटो-छरितो लगातार गर्नुपर्छ। ढिलो गर्नाले पहिला धुएको अंगहरू सुख्यो भने मान्य हुदैन। यदि यस्तो भएमा पुनः वजू गर्नुपर्छ। वजू लगातार (अनुहार, दुवै हात, टाउको, कान र दुवै खुट्टाहरू) धुनुपर्छ आफ्नो मनले कुनै अंगलाई अघि पछि गर्नु जायज छैन। वजू गरिने अंगहरूमा घाऊ खटिराले गर्दा पानीको प्रयोग हानिकारक छ भने घाऊमाथि मात्र हात भिजाएर मसह गर्नु पर्याप्त छ। वजू गरेर खुट्टामा मोजा लगाएको छ भने त्यसलाई फुकाल्नु पर्दैन बरु त्यसैमाथि मसह गर्नु जायज छ तर मसह गर्नु (घस्नु) को लागि दुई वटा शर्तहरू छन्:

१- वजू गरेर मोजा लगाएको हुनुपर्छ।

२- यात्रीले ३ दिन र ३ रात र गैर-यात्रीले मात्र १ दिन र १ रातसम्म मोजा नफुकालिकन त्यसैमाथि पानीमा हात भिजाएर मात्र १-१ चोटि मसह गर्नु पर्याप्त हुन्छ।

## कुन-कुन कामको लागि वजू शर्त छ ?

१-नमाजको लागि।
२- अल्लाहको घर काबाको परिक्रमा (तवाफ) को लागि। सफा र मर्वाको  सईको लागि वजू अनिवार्य छैन। तर वजू भएमा उत्तम हुनेछ।
३-कुरआन शरीफ पढ्नको लागि।

## के-के कारणले वजू भंग हुन्छ:   (نواقض الوضوء)

१- गुप्तांगबाट केही वस्तु निस्केमा ।
२- बेहोस भएमा वा मस्त निदाएमा ।
३- हातले प्रत्यक्ष गुप्तांगलाई छोएमा। यदि लुगामाथि छोयो भने भंग हुदैन ।
४- ऊँटको मासु सेवन गरेमा ।
५- मृतकलाई नुहाएमा ।
६- इस्मालबाट मुर्तद (फिर्ता) भएमा ।

## के माथि उल्लेखित  कुराहरूले वजू भंग हुन्छ ?

यी बाहेक अरु कुराहरूले वजू भंग हुदैन। जस्तै घुँडा खुल्यो लुगा परिवर्तन गर्दा मान्छे नांगो भयोभने वजू भंग हुदैन । तर गुप्तांग छोयो भने वजू भंग हुन्छ ।
वजू भंग भएमा पुनः वजू नगरून्जेल नमाज र अन्य वजू शर्त भएका इबादतहरू गर्न मिल्दैन। तर कुनै मान्छेलाई छुलछुली (सधैँ एक दुई थोपा पिसाब निस्किने) रोग छ वा कुनै महिलालई एम.सी (महिनावारी) को अलावा सधैं रगत वा पानी निस्किरहने

रोग छ भने त्यस्ता व्यक्तिहरूले अपवित्रतालाई टाढा गरी खासगरी लुगा फेरेर प्रत्येक नमाजको लागि वजू गर्नुपर्छ ।

यदि वजू पश्चात पिसाबको थोपा वा महिलाहरुको महिनावारी बाहेक कुनै रोगको कारणले रगत वा पानी निस्किन्छ भने उसको नमाज सही हुन्छ र केही फरक पर्दैन । यी कुराहरूबाट पनि इस्लामको सरलता र महानतालाई स्पष्ट बुझ्न सकिन्छ। जुन अरु कुनै पनि धर्ममा कदापि पाउन सक्दैनौं ।

**सरलताको लागि वजूको तरिका छोटकरीमा फेरी बयान गर्दछु:**

१- दुवै हात नाडीसम्म धुनु ।

२- मुखमा पानी हालेर ३ चोटी कुल्ला गर्नु ।

३- नाकमा पानी हालेर ३ चोटी सफा गर्नु ।

४- पूर्ण अनुहार (निधारदेखि दाह्रीको तलसम्म र दायाँ-बायाँ कानसम्म खुल्ला अनुहार) ३ चोटी धुनु ।

५- दायाँ हात कुहिनासम्म ३ चोटी धुनु ।

६- बायाँ हात कुहिनासम्म ३ चोटी धुनु ।

७- दुवै हात पानीमा भिजाएर निधार देखि पछाडि गर्दन सम्म मसह गर्नु पर्छ फेरी आरम्भ गरेको ठाउँसम्म हात फर्काउनु ।

८- दुवै कानको मसह गर्नु ।

९- दायाँ खुट्टा गोली गाँठो सम्म धुनु ।

१०- बायाँ खुट्टा गोली गाँठो सम्म धुनु ।

# كيفية التيمم

# तयम्मुमको तरिका

इस्लामिक दाजुभाई तथा दिदीबहिनीहरु !

कहिलेकाहीँ रोग वा कुनै पनि कारणले पानी प्रयोग गर्न असामर्थ्य भएको अवस्थामा वजू र स्नानको सट्टामा अल्लाहले तयम्मुम अथवा माटोबाट पवित्रता प्राप्त गर्ने आदेश दिनुभएको छ । र यस्ता उदाहरणहरू इस्लाम धर्म सरल तथा सजिलो हुनको ठोस प्रमाण हो।

## तयम्मुम गर्ने तरिका:



तयम्मुमको नियतले बिस्मिल्लाह भनी पवित्र र वैध माटोमाथि दुवै हातलाई मात्र १ चोटी राख्नु (दल्नु) अनि अनुहार र मात्र दुबै हातलाई नाडीसम्म मसह गर्नु (घस्नु) पर्छ।







नियत अनुसार वजू वा स्नान पूरा भयो | वजू र स्नान जस्तै तयम्मुमले पनि हरेक पवित्रता प्राप्त गरी गरिने कार्य गर्न जायज भयो।

## कुन-कुन कुराले तयम्मुम भंग हुन्छ

१-जुन कुराहरूले वजू भंग हुन्छ ती कुराहरूले तयम्मुम पनि भंग हुन्छ।
२-पानी उपलब्ध भएको अवस्थामा।
३-जुन कारणले वजूको सट्टामा तयम्मुम गरेको छ त्यो कारण अन्त्य हुने वित्तिकै र वजू अनिवार्य गर्ने कुराहरुबाट तयम्मुम पनि भंग हुन्छ।
४- यदि तयम्मु स्नानको सट्टामा छ भने स्नान अनिवार्य गर्ने कुराहरुबाट तयम्मुम पनि भंग हुन्छ। जस्तै सम्भोग वा मैथुन वा स्वप्नदोष भयो वा ऋतु आदि आयो भने तयम्मुम भंग हुन्छ।

# موجبات الغسل□

## निम्नलिखित कुराहरूले स्नान गर्नु अनिवार्य हुन्छ।

१-मज्जाले वीर्य निस्किएमा। चाहे बिना सम्भोग किन नहोस्।
२-सम्भोग गरेमा चाहे वीर्य ननिस्कोस्।
३-स्वप्नदोष भएमा वा निद्रा खुल्ने बित्तिकै लुगा आदिमा वीर्य देखेमा।
४-महिनावारी वा सुत्केरीको रगत आएमा।
५-गैर-मुस्लिमले इस्लाम स्वीकार गरेपछि स्नान गर्नु सुन्नत हो तर अनिवार्य होईन।
६-मृतकलाई स्नान गराउनु पर्छ, तर शहीदलाई स्नान गराउनु पर्दैन।

**यस्तो अवस्थाहरूमा स्नान नगरुन्जेल निम्नलिखित कार्यहरु गर्न जायज छैन:**

१- नमाज पढ्नु।
२-काबाको तवाफ गर्नु।
३-कुरआन छुनु।
४-कुरआनको पाठ गर्नु। मात्र सुत्केरी महिलाले कुरआन न छुइकन पंजा आदि लगाएर पढ्न सकिन्छ ताकी याद गरेका सूरहहरु नबिर्सियोस्।

**सुन्नत स्नान:**

वार्षिक दुवै ईदहरू, हज वा उम्रको एहराम आदिको लागि स्नान गर्नु सुन्नत हो, तर अनिवार्य होईन।

# كيفية الغسل□

## स्नान गर्ने (नुहाउने) तरिका

१-पहिला फोहोरलाई देब्रे हातले राम्रो संग सफा गर्नु, त्यसपछि नमाजको वजू जस्तै वजू गर्नु।

दुबै हातलाई नाडीसम्म धुनु।

२-मुखमा पानी हालेर ३ चोटी कुल्ला गर्नु।

३-नाकमा पानी हालेर ३ चोटी सफा गर्नु।

४- पूर्ण अनुहार (निधारदेखि दाह्रीको तलसम्म र दायाँ-बायाँ कानसम्म खुल्ला अनुहार) ३ चोटी धुनु।

५- दायाँ हात कुहिना सम्म ३ चोटी धुनु।

६- बायाँ हात कुहिना सम्म ३ चोटी धुनु।

७-फेरी टाउको र कानको मसह गर्नु।

८- र दुवै खुट्टा गोली गाँठोसम्म धुनु।

त्यसपछि टाउकोबाट पानी हाल्दै पूरै शरीर नुहाउनु र आवश्यकता अनुसार साबुन लगायत कुनैपनि नुहाउने सामग्री प्रयोग गर्न सकिन्छ। फेरी स्नान गरेपछि वजू गर्नु याद रहोस् यदि गुप्तांगलाई बिना कपडा हातले छोयो भने वजू भंग हुन्छ। यदि कपडा माथिबाट छोयो भने केहि फरक पर्दैन। स्नान पुरा भयो, अब अवैध भएका सबै कुराहरु वैध र जायज भयो।

# أوقات الصلوات وعدد ركعاتها

## नमाजको समय र रकआतहरुको संख्या

नमाजको समय अल्लाह तआलाले तोकेको छ। त्यसै भित्र रही नमाज पढ्नु पर्छ समय पूर्व वा समय बिति सकेपछि नमाज पढ्नु जायज छैन। दिन र रातमा ५ चोटी नमाज पढ्नु पर्छ जसको समय तल प्रस्तुत छ।

**१- फज्रको नमाज:** फज्रको समय सूर्योदय भन्दा निकै पहिला लगभग डेड घण्टा अघिको झिसमिसेदेखि आरम्भ हुन्छ र सूर्योदय नहुन्जेल बाँकी रहन्छ। पहिला २ रकआत सुन्नत र त्यसपछि इमामसंग २ रकआत फर्ज पढ्नुपर्छ। यदि पहिलाको २ रकआत सुन्नत पढ्ने समय मिलेन भने फर्जपछि पढ्नु होस्।

**२-जोहरको नमाज:** जोहरको समय दिउँसो मध्यान्हपछि सूर्य पश्चिमतिर ढलेदेखि आरम्भ हुन्छ र वस्तुको छाया बस्तुको उचाई बराबर हुन्जेलसम्म बाँकी रहन्छ। अजानपछि पहिला २+२ गरी ४ रकआत सुन्नत पढ्नुपर्छ, फेरी इमामसंग ४ रकआत फर्ज पढिसके पछि २ रकआत सुन्नत पढ्नुपर्छ।

**३- अस्रको नमाज:** जोहरको समय सिध्दिने बित्तिकै अस्रको समय आरम्भ हुन्छ र बस्तुको छाया दुईगुणा हुन्जेल बाँकी रहन्छ। यसमा फर्ज भन्दा पहिला सुन्नत छैन। अह, यदि पर्याप्त समय छ भने मस्जिदको नमाजको नियतले २ रकआत तह्हियतुल् मस्जिद पढेपछि ४ रकआत फर्ज इमाम संगै पढ्नुपर्छ।

**४- मगरिबको नमाज:** मगरिबको समय सूर्यास्त देखि आरम्भ हुन्छ र गोधूली साँझसम्म बाँकी रहन्छ। समय छ भने फर्जभन्दा पहिला मस्जिदको नमाजको नियतले २ रकआत तह्हियतुल् मस्जिद पढ्नु पर्छ। फेरी ३ रकआत फर्ज र त्यसपछि २ रकआत सुन्नत पढ्नुपर्छ।

**५- ईशाको नमाज:** ईशाको समय गोधूली साँझ समाप्त भएपछि आरम्भ हुन्छ र मध्य रातसम्म बाँकी रहन्छ। समय छ भने फर्जभन्दा पहिला मस्जिदको नमाजको नियतले २ रकआत तह्हियतुल् मस्जिद पढ्नु पर्छ। फेरी ४ रकआत फर्ज र त्यसपछि २ रकआत सुन्नत पढ्नु पर्छ । त्यसैगरी सुत्नुभन्दा पहिले १ वा ३ रकआत आफ्नो क्षमता अनुसार वित्र (रातको अन्तिम नमाज) पढ्नुपर्छ।

फर्ज नमाजहरुमा जम्मा १७ रकआत छन्। सुन्नत नमाजहरुमा जम्मा १२ रकआत छन्। फज्र बिहान पढ्ने नमाज हो। जोहर र अस्र दिउँसो पढ्ने नमाज हो। मगरिब साँझमा पढ्ने नमाज हो। इशा राति पढ्ने नमाज हो। वित्रको नमाज यो अन्तिम नमाज हो वित्र नमाज १ वा ३ रकआत पढ्नुपर्छ।

## नमाजको रकआतहरुको संख्या

| नमाजहरुको नाम | फर्ज भन्दा पूर्वको सुन्नतहरु | फर्जा नमाजहरु | फर्ज पछिको सुन्नतहरु |
|---|---|---|---|
| 1- फज्र | 2 | 2 | |
| 2- जोहर | 2+2 | 4 | 2 |
| 3- अस्र | | 4 | |
| 4- मगरिब | | 3 | 2 |
| 5- इशा | | 4 | 2 + (3 वित्र) |

# كلمات الأذان

## अजानका शब्दहरु

नमाजको समय भयो भनि घोषणा गर्नुलाई अजान भनिन्छ । जमात शुरू हुन लाग्यो भनेर जानकारी दिनुलाई इकामत भनिन्छ।

**“अल्लाहु अक्बर, अल्लाहु अक्बर,अल्लाहु अक्बर,अल्लाहु अक्बर ”**

(अल्लाह तआला सबैभन्दा महान हुनुहुन्छ।)

**“अश्हदु अल्लाइलाह इल्लल्लाह अश्हदु अल्लाइलाह इल्लल्लाह”**

(म गवाही दिन्छु, अल्लाह बाहेक अरु कोहि सत्य पुज्य छैन।)

**“अश्हदु अन्न मुहम्मद रसूलुल्लाह अश्हदु अन्न मुहम्मद रसूलुल्लाह”**

(म गवाही दिन्छु, मुहम्मद सल्लल्लाहुअलैहि व सल्लम अल्लाहका रसूल हुन्।)

**“हैय्य अलस्सलाह हैय्य अलस्सलाह”**

(नमाजको लागि आउनु होस्।)

**“हैय्य अलल्फलाह हैय्य अलल्फलाह”**

(सफलताको लागि आउनु होस्।)

**“अल्लाहु अक्बर, अल्लाहु अक्बर”**

(अल्लाह तआला सबैभन्दा महान हुनुहुन्छ।)

**“लाइलाह इल्लल्लाह”**

(अल्लाह बाहेक कोहि पनि पूज्य र उपास्य छैन।)

मात्र फज्रको अजानामा हैय्य अलल्फलाह पछि र अल्लाहु अक्बर भन्दा पहिला “अस्सलातु खैरुम मिनन् नौम” (अर्थ - नमाज निद्रा भन्दा उत्तम हो) २ चोटि भन्नुपर्छ।

**इकामतका शब्दहरु:**
**“अल्लाहु अक्बर, अल्लाहु अक्बर”**
**“अश्हदु अल्लाइलाह इल्लल्लाह”**
**“अश्हदु अन्न मुहम्मद रसूलुल्लाह”**
**“हैय्य अलस्सलाह”**
**“हैय्य अलल्फलाह”**
**“कद कामतिस्सलाह कद कामतिस्सलाह”**
**“अल्लाहु अक्बर, अल्लाहु अक्बर”**
**“लाइलाह इल्लल्लाह”**

۞ अजान सुन्नेहरुले पनि अजानको शब्दहरू नै दोहोर्याएर भन्नुपर्छ । मात्र “हैय्य अलस्सलाह र हैय्य अलल्फलाह”को जवाफमा “ला हौला वला कुव्वत इल्ला बिल्लाह” भन्नुपर्छ।

۞ फज्रमा अस्सलातु खैरुम मिनन् नौमको जवाफमा “अस्सलातु खैरुम मिनन् नौम नै भन्नुपर्छ।

۞ “कद कामतिस्सलाह”को जवाफमा “कद कामतिस्सलाह नै भन्नुपर्छ।

## अजान पछिको दुआहरु: (الدعاء بعد الآذان)

((اللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى آل مُحَمَّدٍ كَمَا صَلَّيْتَ عَلَى إِبْرَاهِيْمَ وَعَلَى آلِ إِبْرَاهِيْمَ إِنَّكَ حَمِيْدٌ مَّجِيْدٌ ، اللَّهُمَّ بَارِكْ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا بَارَكْتَ عَلَى إِبْرَاهِيْمَ وَعَلَى آلِ إِبْرَاهِيْمَ إِنَّكَ حَمِيْدٌ مَّجِيْدٌ))

**”अल्लाहुम्म सल्लि अला मुहम्मद व अला आलि मुहम्मद, कमा सल्लैत अला इब्राहीम व अला आलि इब्राहीम इन्नक हमीदुम् मजीद। अल्लाहुम्म बारिक अला मुहम्मद व अला आलि मुहम्मद, कमा बारक्त अला इब्राहीम व अला आलि इब्राहीम इन्नक हमीदुम् मजीद”।**

अर्थ: “हे अल्लाह! जुन कृपा इब्राहीम र इब्राहीमको परिवारमाथि गर्नु भएको थियो, त्यस्तै कृपा  मुहम्मद र मुहम्मदको परिवारमाथि पनि गर्नुहोस्। वास्तवमा तपाई नै प्रशंसित र सम्मानित हुनुहुन्छ। हे अल्लाह! जुन  बरकत (उन्नति) इब्राहीम र इब्राहीमको परिवारमाथि प्रदान गर्नु भएको थियो, त्यस्तै बरकत (उन्नति) मुहम्मद र मुहम्मदको परिवारमाथि पनि प्रदान गर्नुहोस्। वास्तवमा तपाई नै प्रशंसित र सम्मानित हुनुहुन्छ।”

**त्यसपछि यो दुआ पढ्नुपर्छ:**

((اللَّهُمَّ رَبَّ هَذِهِ الدَّعْوَةِ التَّامَّةِ وَالصَّلَاةِ الْقَائِمَةِ آتِ مُحَمَّدًا الْوَسِيْلَةَ وَالْفَضِيْلَةَ وَابْعَثْهُ مُقَاماً مَحْمُوْداً الَّذِيْ وَعَدْتَّهُ))

**“अल्लाहुम्म रब्ब हाजिहिद्दअव तित्ताम्मह् वस्सलातिल् काइमह् आति मुहम्मदनिल् वसीलतह् वल फजिलह् वब् अस्हु मुकामम् मह्मूद निल्लजी व अत्तहु”**

**अर्थ:** “हे अल्लाह! यो सम्पूर्ण पुकार र स्थापित हुन गइरहेको नमाजको स्वामी!

मुहम्मद सल्लल्लाहु अलैहि व सल्लमलाई वसीला (स्वर्गमा एउटा ठुलो दर्जा) तथा प्रधानता एवं उहाँलाई त्यो प्रशंसित स्थानमा पठाउनु होस् जसको तपाईले वचन दिनुभएको छ।” (बुखारी)

# شروط الصلاة

## नमाजको महत्वपूर्ण शर्तहरु

**१-तहारत:**

नमाजको लागि चोखो हुनु वा पवित्रता प्राप्त गर्नु अनिवार्य छ। सानो वा ठूलो अपवित्रताबाट आवश्यकता अनुसार पवित्रता प्राप्त गर्नुपर्छ किनकी पवित्रता नमाजको साँचो हो। शरीर र लुगामा अपवित्र वस्तु लागेको छ भने त्यसलाई सफा गर्नुपर्छ। नमाज पढ्ने ठाउँ अपवित्र छ भने त्यस ठाउँलाई सफा गरेर पवित्र बनाउनु पर्छ।

**२-समय हुनु:**

समय भन्दा पहिला वा पछि नमाज पढ्नु जायज छैन, मात्र इशाको नमाज मध्य रातसम्म विलम्ब गर्नु जायज छ। र कुनै कारण बस छुटेको फर्ज नमाजहरू पढ्नु अनिवार्य छ।

**३-अंग छोप्नु:**

लुगा उपलब्ध हुदा हुदै पनि अर्धनग्न (बिना पर्दा) अवस्थामा नमाज पढ्नु जायज छैन। पुरुषहरुले नाइटोदेखि घुँडासम्म र दुबै काँध छोप्नुपर्छ। महिलाहरुले अनुहार बाहेक कपाल देखि सम्पूर्ण शरीर बर्को वा कुनै पनि कपडाले छोप्नुपर्छ। यदि त्यहाँ कुनै गैर-महरम पुरुष छ भने अनुहार पनि छोप्नु पर्छ।

---

१- सानो अपवित्रताबाट पवित्र हुन वजू पर्याप्त हुन्छ भने ठूलो अपवित्रताबाट पवित्र हुन स्नान गर्नुपर्छ।

२- गैर-महरम भन्नले ती पुरुषहरु हुन्, जो संग महिलाहरु विवाह गर्न सक्छन्।

## ४-नियत गर्नुः

जुन नमाजको समय हो वा जुन नमाज पढ्ने हो त्यसै नमाजको नियत गर्नुपर्छ। नियत मनभित्र गरिने कार्य हो। तसर्थ मनले नियत गर्नुपर्छ मुखले होईन। हरेक नमाजको अजान सुन्ने बित्तिकै मानिसहरू कामकाज छोडेर, वजू गरेर, लुगा लगाएर चिटिक्क भइ मस्जिद तर्फ जान्छन्, यो नै नियत हो । यस बाहेक धेरै मानिसहरू यसप्रकार नियत गर्छन् (म नियत गर्छु, फर्ज नमाजको २ वा ३ वा ४ रकआत किब्ला तर्फ मुख गरि फलानो इमामको पछाडि पढ्छु आदि भनेर नियत गर्छन्)। यो नयाँ तरिका हो, जुन रसूल तथा उहाँका सहाबा किरामहरूबाट प्रमाणित छैन र जुन कुरा रसूलबाट प्रमाणित छैन, त्यो धर्म र उपासनाको अंश कसरी हुनसक्छ र यही नै बिदअत अथवा पथभ्रष्टता हो।

## ५-किब्ला तर्फ मुख गर्नुः

किब्ला पवित्र बैतुल्लाह अर्थात काबा हो, जुन हाम्रो देश नेपालदेखि पश्चिम दिशामा साउदी अरबको मक्का नगरमा पर्दछ । नमाज पढ्नको लागि त्यसैतर्फ मुख गर्नु अनिवार्य छ। यदि कुनै व्यक्तिले अर्को दिशा तिर अनुहार गरेर नमाज पढ्छ भने उसको नमाज स्वीकार हुदैन। तर भूलचूकमा भएको छ भने उसको नमाज हुन्छ, फेरी दोहोर्याउनु पर्दैन।

# أركان الصلاة

## नमाजका आधारहरु

नमाजका १४ वटा अरकान (आधार) हरू यसप्रकार छन्:

१. सामर्थ्यले उभेर नमाज पढ्नु ।

२. तक्बीर तहरीम: (शुरुको अल्लाहु अक्बर) भन्नु ।

३. सूरह फातिहा पढ्नु ।

४. रुकुअ गर्नु।

५. रुकुअपछि धैर्यतापूर्वक उभिनु ।

६. सात अंगहरू टेकेर सज्दा गर्नु ।

७. सज्दाबाट टाउको उठाउनु ।

८. दुबै सज्दाको बीचमा धैर्यतापूर्वक बस्नु ।

९. यी अरकान (आधार) हरूलाई आफ्नो मनले अघिपछि नगर्नु ।

१०. यी अरकानहरूलाई धैर्यतापूर्वक पूरा गर्नु, हतार नगर्नु ।

११. २ रकअतपछि पहिलो तशह्हुदको लागि बस्नु ।

१२. अन्तिम तशह्हुदको लागि बस्नु ।

१३. रसूलुल्लाह सल्लल्लाहु अलैहि व सल्लम माथि दरुद (अल्लाहुम्म सल्लि अला मुहम्मद......) पढ्नु ।

१४. दुबैतर्फ सलाम फेर्नु ।

# واجبات الصلاة

## नमाजका वाजिबातहरू

१- तक्बीर तहरीमा बाहेक सबै तक्बीरहरु।

२- इमाम र एक्लै नमाज पढ्ने व्यक्तिले "समिअल्लाहु लिमन हमिदह" भन्नु।

३- त्यसपछि सबैले उभिएको अवस्थामा कम्तीमा "रब्बना वलकल हम्द" भन्नु।

४- रुकुअमा **"सुब्हान रब्बियल अजीम"** भन्नु।

५- सज्दामा **"सुब्हान रब्बियल अला"** भन्नु।

६- दुबै सज्दाको बीचमा **"रब्बिग्फिर्ली"** भन्नु।

७- २ रकअतपछि पहिलो तशह्हुदको लागि बस्नु।

८- अन्तिम तशह्हुदको लागि बस्नु।

**नोट:** नमाजको आधार र अनिवार्य कुरामा फरक यो छ कि यदि कुनै व्यक्तिले कुनैपनि आधारलाई जानीजानी वा बिर्सेर छुट्यो भने उसको नमाज भंग हुन्छ।
त्यसैगरी कुनै अनिवार्य कुरालाई जानीजानी छोड्दियो भने नमाज भंग हुन्छ, तर बिर्सेर छुट्यो भने नमाज भंग हुदैन, बरु यसको लागि अन्तिम तशह्हुदमा सलाम फेर्नुभन्दा पहिला दुई सज्दासहु गर्नुपर्छ।

# صفة الصلاة□

## नमाजको पूर्ण तरिका

वजू (पवित्रता), अंग छोप्नु, किब्ला तर्फ मुख गर्नु, समय हुनु, आदि पूरा भएपछि नमाजको नियतले तक्बीर तहरीम (अल्लाहु अक्बर) भनी नमाज शुरु गर्नुहोस्।

### १-कियाम:

रफउल यदैन (दुबै हातलाई काँधसम्म उठाउँदै) अल्लाहु अक्बर (तक्बीरे तहरीमः) भनी नमाज आरम्भ गर्नुपर्छ। यसैगरी दाँया हातलाई बाँया हातमाथि राखी दुबै हातलाई छातीमाथि राख्नु पर्छ र यो दुआ पढ्नु पर्छ।

### २-सना:

((سُبْحَانَكَ اللَّهُمَّ وَبِحَمْدِكَ وَتَبَارَكَ اسْمُكَ وَتَعَالَى جَدُّكَ وَلاَ إِلَهَ غَيْرُكَ))

**"सुब्हानकल्लाहुम्म व बिहम्दिक वतबारकस्मुक व तआला जद्दुक वला इलाह गैरुक"।**

अर्थ: हे अल्लाह ! तपाई पवित्र हुनुहुन्छ, सबै प्रकारका प्रशंसाहरु तपाईको लागि नै हुन्, तपाईको नाम बरकत वाला होए तपाईको प्रतिष्ठा सबैभन्दा महान छ र तपाईको अतिरिक्त कोही सत्य पूज्य छैनन्।

त्यसपछि "अउजू बिल्लाहि मिनश्शैतानिर्रजीम" पढेर शैतानबाट अल्लाहको शरण माग्दै "बिस्मिल्लाहिर्रहमानिर्रहीम" पढेर सूरह फातिहा पढ्नु पर्छ।

### ३- सूरह फातिहा:

नमाजमा सूरह फातिहा पढ्नु अनिवार्य छ, फातिहा न पढुन्जेल नमाज सही हुदैन किनकि नबी सल्लल्लाहु अलैहि व सल्लमको धेरै हदीसहरूबाट प्रमाणित छ कि जुन व्यक्तिले नमाजमा सूरह फातिहा पढ्दैन उसको नमाज स्वीकार्य हुदैन। तसर्थ फतिहा अवश्य पढ्नु होस्।

بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ ﴿١﴾

ٱلۡحَمۡدُ لِلَّهِ رَبِّ ٱلۡعَٰلَمِينَ ﴿٢﴾ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ ﴿٣﴾ مَٰلِكِ يَوۡمِ ٱلدِّينِ ﴿٤﴾ إِيَّاكَ نَعۡبُدُ وَإِيَّاكَ نَسۡتَعِينُ ﴿٥﴾ ٱهۡدِنَا ٱلصِّرَٰطَ ٱلۡمُسۡتَقِيمَ ﴿٦﴾ صِرَٰطَ ٱلَّذِينَ أَنۡعَمۡتَ عَلَيۡهِمۡ غَيۡرِ ٱلۡمَغۡضُوبِ عَلَيۡهِمۡ وَلَا ٱلضَّآلِّينَ ﴿٧﴾

**(१) बिस्मिल्लाहिर्रहमानिर्रहीम। (२) अल्हम्दुलिल्लाहि रब्बिल आलमीन्। (३) अर्रहमानिर्रहीम्। (४) मालिकि यौमिद्दीन्। (५) इय्याक नअबुदु व इय्याक नस्तईन्। (६) इह्दि नस्सिरातल् मुस्तकीम्। (७) सिरातल्लजीन अन्अम्त अलैहिम् गैरिल् मग्जूबि अलैहिम् वलज्जाल्लीन्। (आमीन)**

अर्थ: (१) अल्लाहको नामबाट आरम्भ गर्दछु जो अत्यन्तै दयालु तथा कृपालु हुनुहुन्छ। (२) सारा प्रशंसाहरू अल्लाहकै लागि हुन् जो सम्पूर्ण जगतको मालिक हुनुहुन्छ। (३) अत्यन्तै दयालु तथा कृपालु हुनुहुन्छ। (४) उहाँ हिसाब (प्रलय) को दिनको स्वामी हुनुहुन्छ। (५) हामी तपाईको नै पूजा गर्छौं र तपाईसित नै मद्दत माग्छौ। (६) हामीलाई सोझो मार्ग देखाउनुहोस्। (७) उनीहरुको मार्ग जो तपाईको कृपापात्र भए, तिनीहरुको मार्ग होईन जो प्रकोपको भागीदार भएए न तिनीहरुको मार्ग जो पथभ्रष्ट भए । (आमीन) हे अल्लाह कबूल गर्नुहोस्। सूरह फातिहा पछि इमाम र मुक्तदी सबैले जहरी अथवा ठूलो स्वरमा पढिने नमाजहरू (फज्र, मगरिब, इशा, जुमा, ईद पर्व

आदिमा) ठूलो स्वरले आमीन भन्नुपर्छ। र सिर्री (सानो) स्वरमा पढिने नमाजहरू (जोहर र अस्रमा) सानो स्वरले आमीन भन्नुपर्छ र यो सुन्नत हो।

त्यसपछि आफुलाई याद भएको कुरआनको कुनै पनि सूरह र आयतहरु पढ्नुपर्छ। याद गर्नको लागि केहि सा-साना सूरहहरु तल लेखिएकी छु। यसलाई याद गर्नुहोस्।

## १ सूरह इख्लास: बिस्मिल्लाहिर्रहमानिर्रहीम

قُلۡ هُوَ ٱللَّهُ أَحَدٌ ۝١ ٱللَّهُ ٱلصَّمَدُ ۝٢ لَمۡ يَلِدۡ وَلَمۡ يُولَدۡ ۝٣ وَلَمۡ يَكُن لَّهُۥ كُفُوًا أَحَدُۢ ۝٤

**(१) "कुल् हुवल्लाहु अहद् (२) अल्लाहुस्समद् (३) लम् यलिद् वलम् यूलद् (४) वलम् यकुल्लहु कुफुवन अहद्। "**

अर्थ: (१) "(हे नबी) भनिदिनुस्, अल्लाह तआला एक छ। (२) अल्लाह निरपेक्ष छ (उसलाई कसैको आवश्यकता छैन) (३) उसको कुनै सन्तान छैन न त ऊ कसैको सन्तान हो। (४) र उसको बराबर कोही पनि छैन।"

## २ सूरह फलक: बिस्मिल्लाहिर्रहमानिर्रहीम

قُلۡ أَعُوذُ بِرَبِّ ٱلۡفَلَقِ ۝١ مِن شَرِّ مَا خَلَقَ ۝٢ وَمِن شَرِّ غَاسِقٍ إِذَا وَقَبَ ۝٣ وَمِن شَرِّ ٱلنَّفَّٰثَٰتِ فِي ٱلۡعُقَدِ ۝٤ وَمِن شَرِّ حَاسِدٍ إِذَا حَسَدَ ۝٥

**(१) "कुल अऊजु बिरब्बिल् फलक्। (२) मिन् शर्रिमा खलक। (३) व मिन् शर्रि गासिकिन् इजा वकब्। (४) व मिन् शर्रिन् नफ्फासाति फिल् ओकद्। (५) व मिन् शर्रे हासिदिन् इजा हसद्।"**

अर्थ: (१) "तपाई (मुहम्मद) सल्लल्लाहु अलैहि व सल्लम) भनिदिनुस् कि म प्रात: कालको ईश्वरको शरणमा आउँदैछु। (२) प्रत्येक सृष्टिको दुष्टताबाट। (३) अध्यारो रातको दुष्टताबाट जब अन्धकार फैलिन्छ। (४) गाँठोमा झारफुक गर्नेहरुको दुष्टताबाट। (५) र ईर्ष्यालुको दुष्टताबाट जब उसले डाहा गर्छ।"

### (३) सूरह नास: बिस्मिल्लाहिर्रहमानिर्रहीम

قُلْ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ﴿١﴾ مَلِكِ ٱلنَّاسِ ﴿٢﴾ إِلَـٰهِ ٱلنَّاسِ ﴿٣﴾ مِن شَرِّ ٱلْوَسْوَاسِ ٱلْخَنَّاسِ ﴿٤﴾ ٱلَّذِى يُوَسْوِسُ فِى صُدُورِ ٱلنَّاسِ ﴿٥﴾ مِنَ ٱلْجِنَّةِ وَٱلنَّاسِ ﴿٦﴾

**(१) "कुल अऊजु बिरब्बिन्नास्। (२) मलिकिन्नास्। (३) इलाहिन्नास्। (४) मिन् शर्रिल् वस्वासिल् खन्नास्। (५) अल्लजी युवस्विसु फी सुदूरिन्नास्। (६) मिनल् जिन्नति वन्नास्।**

अर्थ: (१) "तपाई (मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम) भनिदिनुस् कि म मानिसहरूको ईश्वरको शरणमा आउँदैछु। (२) मानिसहरुको वास्तविक स्वामीको शरणमा। (३) मानिसहरुको पूज्यको शरणमा। (४) शंका उत्पन्न गर्ने र सुटुक्क निस्कने (शैतान) को दुष्टताबाट पछाडि फर्केर जाने वालाको नराम्रो कामबाट। (५) जसले मानिसहरुको हृदयमा शंका उत्पन्न गर्छ। (६) चाहे त्यो जिन्न मध्ये होस् अथवा मनुष्य मध्ये।

### (४) सूरह कुरैश: बिस्मिल्लाहिर्रहमानिर्रहीम

لِإِيلَـٰفِ قُرَيْشٍ ﴿١﴾ إِۦلَـٰفِهِمْ رِحْلَةَ ٱلشِّتَآءِ وَٱلصَّيْفِ ﴿٢﴾ فَلْيَعْبُدُوا۟ رَبَّ هَـٰذَا ٱلْبَيْتِ ﴿٣﴾ ٱلَّذِىٓ أَطْعَمَهُم مِّن جُوعٍ وَءَامَنَهُم مِّنْ خَوْفٍۭ ﴿٤﴾

**(१)" लिईलाफि कुरैश। (२) ईलाफिहिम् रिह्'लतश्शिताइ वस्सैफ्। (३) फल्यअ्बुद् रब्ब हाजल्बैत्। (४) अल्लजी अत्अमहुम् मिन्जूअ व आमनहुम् मिन् खौफ्। "**

अर्थ: (१) कुरैशको प्रेम र हेलमेलको कारणले। (२) उनलाई जाडो तथा गर्मीको यात्राको अनुसेवी बनाउनको लागि। (३) अत: उसको धन्यवादमा उनलाई चाहियो कि यस घरको ईश्वरको पूजा गरुन्। (४) जसले उनलाई भोकमा भोजन दियो र डर (भय) मा शान्ति प्रदान गर्यो।

### (५) सूरह माऊन: बिस्मिल्लाहिर्रहमानिर्रहीम

أَرَءَيۡتَ ٱلَّذِي يُكَذِّبُ بِٱلدِّينِ ۝١ فَذَٰلِكَ ٱلَّذِي يَدُعُّ ٱلۡيَتِيمَ ۝٢ وَلَا
يَحُضُّ عَلَىٰ طَعَامِ ٱلۡمِسۡكِينِ ۝٣ فَوَيۡلٞ لِّلۡمُصَلِّينَ ۝٤ ٱلَّذِينَ هُمۡ عَن
صَلَاتِهِمۡ سَاهُونَ ۝٥ ٱلَّذِينَ هُمۡ يُرَآءُونَ ۝٦ وَيَمۡنَعُونَ ٱلۡمَاعُونَ ۝٧

**(१) "अरऐतल्लजी युकज्जिबु बिद्दीन्। (२) फजालिकल्लजी यदुअ्उल् यतीम्। (३) वला यहुज्जु अला तआमिल् मिस्कीन्। (४) फवैलुल् लिल्मुसल्लीन्। (५) अल्लजीन हुम् अन् सलातिहिम् साहुन्। (६) अल्लजीन हुम् युराऊन्। (७) वयम् नऊनल् माऊन्।**

अर्थ: (१) "के तिमीले उसलाई पनि देख्यौ जो प्रलयको दिनलाई झुठो हो भन्दछ। (२) उही त हो जो अनाथलाई धक्का दिन्छ। (३) तथा निर्धन (दीनदु:खी) लाई भोजन गराउनको लागि पोत्साहित गर्दैन। (४) यस्ता नमाजीहरुको लागि वैल (नर्कको एउटा स्थान)

छ। (५) जुन आफ्नो नमाजमा सुस्ती (लापरबाही) गर्छन्। (६) र जुन देखाउनको लागि कार्य (नमाज) गर्छन्। (७) तथा प्रयोगमा आउने वाला सानातिना वस्तुहरुबाट रोक्छन्।

## (६) सूरह कौसर: बिस्मिल्लाहिर्रहमानिर्रहीम

إِنَّآ أَعۡطَيۡنَٰكَ ٱلۡكَوۡثَرَ ۝١ فَصَلِّ لِرَبِّكَ وَٱنۡحَرۡ ۝٢ إِنَّ شَانِئَكَ هُوَ ٱلۡأَبۡتَرُ ۝٣

**(१)"इन्ना आतैना कल्कौसर।(२) फसल्लि लिरब्बिक वन्हर।(३) इन्न शानिअक हुवल् अब्तर।"**

अर्थ: (१) "हे मुहम्मद !) नि:सन्देह हामीले तिमीलाई कौसर प्रदान गरेको छौ। (२) त तिमी आफ्नो ईश्वरको लागि नमाज पढ्ने गर तथा कुर्बानी (बलिदान) दिने गर। (३) नि:सन्देह तिम्रो शत्रु नै लावारिस तथा जरा काटिएको हुनेछ।"

## (७) सूरह काफिरुन: बिस्मिल्लाहिर्रहमानिर्रहीम

قُلۡ يَٰٓأَيُّهَا ٱلۡكَٰفِرُونَ ۝١ لَآ أَعۡبُدُ مَا تَعۡبُدُونَ ۝٢ وَلَآ أَنتُمۡ عَٰبِدُونَ مَآ أَعۡبُدُ ۝٣ وَلَآ أَنَا۠ عَابِدٞ مَّا عَبَدتُّمۡ ۝٤ وَلَآ أَنتُمۡ عَٰبِدُونَ مَآ أَعۡبُدُ ۝٥ لَكُمۡ دِينُكُمۡ وَلِيَ دِينِ ۝٦

**(१) "कुल् याअय्युहल् काफिरुन। (२) ला अअ्बुदु मा तअ्बुदून्। (३) वला अन्तुम् आबिदून मा अअ्बुद्। (४) वला अना आबिदुम् मा अबत्तुम्। (५) वला अन्तम् आबिदून मा अअ्बुद्। (६) लकुम् दीनुकुम् वलिय दीन्।**

अर्थ: (१) "(हे मुहम्मद!) तपाई भनिदिनुस् कि हे काफिरहरु हो। (२) न म पूजा गर्छु उसको जसको तिमीहरू पूजा गर्दछौ। (३) र न तिमीहरू पूजा गर्छौं त्यसको जसको म पूजा गर्छु। (४) तथा न म पूजा गर्नेछु उसको जसको तिमीहरू पूजा गरिरहेको छौ। (५) न तिमीहरू उसको पूजा गर्ने वाला हौ जसको पूजा म गर्दैछु। (६) तिम्रो लागि तिम्रो धर्म, मेरो लागि मेरो धर्म।

## (८) सूरह नस्र: बिस्मिल्लाहिर्रहमानिर्रहीम

إِذَا جَآءَ نَصۡرُ ٱللَّهِ وَٱلۡفَتۡحُ ﴿١﴾ وَرَأَيۡتَ ٱلنَّاسَ يَدۡخُلُونَ فِي دِينِ ٱللَّهِ
أَفۡوَاجٗا ﴿٢﴾ فَسَبِّحۡ بِحَمۡدِ رَبِّكَ وَٱسۡتَغۡفِرۡهُۚ إِنَّهُۥ كَانَ تَوَّابَۢا ﴿٣﴾

**(१) "इजा जाअ नस्'रुल्लाहि वल्फत्ह। (२) व रऐयतन्नास यद्खुलून फी दीनिल्लाहि अफ्वाजा । (३) फसब्बिह् बिहम्दि रब्बिक वस्तग्फिर्'हु इन्नहु काना तौव्वाबा।"**

अर्थ: (१) "जब अल्लाहबाट सहायता तथा विजय प्राप्त हुनेछ। (२) तथा तिमीले मानिसहरुलाई अल्लाहको धर्ममा समूहको समूह प्रवेश गरिरहेका देख्ने छौ। (३) त्यस बेला तिमी आफ्नो ईश्वरको महिमा तथा प्रशंसा गर्नुमा लाग तथा उहाँ संग क्षमाको प्रार्थना गर, नि:सन्देह उहाँ नै पश्चाताप स्वीकारकर्ता हुन् ।

## (९) सूरह मसद: बिस्मिल्लाहिर्रहमानिर्रहीम

تَبَّتۡ يَدَآ أَبِي لَهَبٖ وَتَبَّ ﴿١﴾ مَآ أَغۡنَىٰ عَنۡهُ مَالُهُۥ وَمَا كَسَبَ ﴿٢﴾ سَيَصۡلَىٰ نَارٗا ذَاتَ
لَهَبٖ ﴿٣﴾ وَٱمۡرَأَتُهُۥ حَمَّالَةَ ٱلۡحَطَبِ ﴿٤﴾ فِي جِيدِهَا حَبۡلٞ مِّن مَّسَدِۭ ﴿٥﴾

**(१) "तब्बत यदा अबी लहबिव्वतब्। (२) मा अग्ना अन्हु मालुहु वमा कसब्। (३) सयस्ला नारन जात लहब्। (४) वम्'रअतुहू हम्मा लतल् हतब्। (५) फी जीदिहा हब्लुम् मिम् मसद्।"**

अर्थ: (१) "अबु लहबको दुबै हात भाचिए तथा त्यो आफै नाश हुन गयो। (२) न उसको धन उसको काम लाग्यो न उसको कमाई। (३) त्यो अवश्य नै ज्वालामुखी जस्तो ठूलो आगोमा होमिनेछ। (४) तथा उसंग उसकी स्वास्नी पनि जाने छे जुन दाउराहरु बोक्ने वाली थिई। (५) उसको घाटीमा खजुरको रेशाको बाटिएको डोरी हुनेछ।"

## (४) रुकुअ:

त्यसपछि रुकुअमा जानु (झुक्नु) पर्छ। रुकूअमा जाँदा रफउल यदैन दुबै हातलाई काधसम्म उठाई अल्लाहु अक्बर भन्दै झुक्नुपर्छ। अनि दुबै हातको औंलाहरुले दुबै घुडालाई समात्नु पर्छ। पिठ्युँ एकदमै सिधा राख्नुपर्छ र नजर सज्दा गर्ने ठाउँमा हुनुपर्छ। अनि यो दुआ ३ चोटि पढ्नुपर्छ:

((سُبْحَانَ رَبِّىَ الْعَظِيْم))

**"सुब्हान रब्बियल अजीम"**

अर्थ: "मेरो ईश्वर पवित्र हुनुहुन्छ"

## (५) कौम:

कौम: अर्थात रुकुअबाट सिधा उभिनु। उभिदा **"समिअल्लाहु लिमन हमिद:"** भन्नुपर्छ। यसको अर्थ "अल्लाहले उसको दुआ सुन्नुभयो जसले उहाँको प्रशंसा गर्यो" कौम:मा पनि सिधा उभिदा रफउल यदैन गर्नुपर्छ।

फेरि यो दुआ पढ्नु:

((رَبَّنَا وَلَكَ الْحَمْدُ حَمْداً كَثِيْرًا طَيِّبًا مُبَارَكًا فِيْهِ))

**"रब्बना वलकल् हम्दु हम्दन् कसीरन् तैय्यिबन् मुबारकन् फीह"**

अर्थ: "हे मेरो पालनकर्ता सम्पूर्ण प्रशंसाहरू तपाईकै लागि छन्, अत्याधिक प्रशंसा पवित्रता र त्यसमा अधिकता दिएको"

फेरि "अल्लाहु अक्बर" भन्दै भुइँमा ढोग्'नुपर्छ, यसलाई सज्दा भनिन्छ। सज्दामा सातवटा अंगहरु टेक्नुपर्दछ, दुबै हात, दुबै घुँडा, दुबै खुट्टाको औंलाहरु र निधार र नाक सहित सज्दा गर्नुपर्छ। सज्दाको बेला कुहिनालाई तिघ्रा र पेट देखि टाढा राख्नुपर्छ र हातको औंलाहरुलाई मिलाएर राख्नुपर्छ र खुट्टाको औंलाहरुलाई किब्लातिर फर्काएर ठाडो राख्नुपर्छ अनि यो दुआ ३ चोटि पढ्नुपर्छ:

((سُبْحَانَ رَبِّيَ الأَعْلَى))

**"सुब्हान रब्बियल् आला"**

अर्थ: "मेरो पालनकर्ता महान र पवित्र हुनुहुन्छ"

फेरि "अल्लाह् अक्बर" भन्दै टाउको उठाएर बस्नुपर्छ। यो अवस्थालाई जलस: (बसाई) भनिन्छ। यो अवस्थामा बस्ने तरिका यसप्रकार छ: बायाँ खुट्टालाई ओछ्याएर त्यसमाथि बस्नु र दायाँ खुट्टा ठाडो राख्नु र दायाँ हात दायाँ तिघ्रामाथि र बायाँ हात बायाँ तिघ्रामाथि यसप्रकार राख्नु कि औंलाहरु किब्ला (काबा) तिर र घुडाको नजिक होस्। यो अवस्थामा निम्नलिखित दुआ पढ्नु पर्दछ:

((اللَّهُمَّ اغْفِرْلِيْ وَارْحَمْنِيْ وَاهْدِنِيْ وَعَافِنِيْ وَارْزُقْنِيْ وَاجْبُرْنِيْ))

**"अल्लाहुम्मग्फिर्ली वर्हम्नी वह्दिनी व आफिनी व वर्जुक्नी व वज्बुर्नी"**

अर्थ: "हे अल्लाह मलाई क्षमा गरिदिनुहोस्। र म माथि दया र कृपा गर्नुहोस्। र मलाई सोझो मार्गको हिदायत प्रदान गर्नुहोस्। र मलाई शान्ति प्रदान गर्नुहोस्। र मलाई रोजी दिनुहोस्। र मेरो सम्पूर्ण समस्याहरू समाधान गरिदिनुहोस्।"

फेरि "अल्लाहु अक्बर" भन्दै अर्को सज्दा गर्नु र त्यही दुआ पढ्नु जुन पहिलो सज्दामा पढेको थियो, अब तपाईको एक रकआत नमाज पूरा भयो। अब यही तरिका अनुसार दोस्रो, तेस्रो र चौथो रकआत पूरा गर्नुपर्छ।

## (६) तशहहुद:

दुई रकआतको नमाज छ भने दुई रकआत पछि उभिनु पर्दैन, बरु तशहहुदको लागि माथि उल्लेखित तरिका अनुसार नै बस्नु पर्छ। अनि दायाँ हातलाई दायाँ तिघ्रामाथि र बायाँ हातलाई बायाँ तिघ्रामाथि राख्नु पर्छ। दायाँ हातको चोर औंला बाहेक सबै औंलाहरु मुठ्ठी झैं गरी बन्द राख्नु पर्छ। मात्र चोर औंलाले पूरै तशहहुदमा इशारा अथवा हरकत गर्नुपर्छ। र निम्नलिखित दुआ पढ्नु पर्छ:

((التَّحِيَّاتُ للهِ، وَالصَّلَوَاتُ، والطَّيِّبَاتُ، السَّلاَمُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللهِ وَبَرَكَاتُهُ، السَّلاَمُ عَلَيْنَا وَعَلَى عِبَادَ اللهِ الصَّالِحِيْنَ، أَشْهَدُ أَن لاَ إِلَهَ إِلَّا اللهُ وَاَشْهَدُ اَنَّ مُحَمَّداً عَبْدُهُ وَرَسُولُهُ))

**अत्तहिय्यातु लिल्लाहि वस्सलवातु वत्तैय्यिबातु अस्सलामु अलैक अय्युहन्नबिय्यु व रहमतुल्लाहि व बरकातुहु, अस्सलामु अलैना व अला इबादिल्लाहिस्सालिहीन्। अश्हदु अल्ला इलाह इल्लल्लाहु व अश्हदु अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु।**

अर्थ: "सम्पूर्ण सलामहरु र दुआहरु र हरेक पवित्र वस्तुहरु अल्लाहको लागि हुन्। हे अल्लाहको दूत तपाई माथि शान्ति होस्, सधैंभरि तपाईमाथि अल्लाहको दया र कृपा अवतरित होउन्। हामी अल्लाहको सत्य भक्तहरू माथि शान्ति होस्। म गवाही दिन्छु अल्लाहको अतिरिक्त अरु कोही पूज्य छैन। त्यसैगरी म गवाही दिन्छु मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम अल्लाहको भक्त र सन्देष्टा हुन्। **फेरि दरुद शरीफ पढ्नु पर्छ:**

((اَللّٰهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا صَلَّيْتَ عَلَى إِبْرَاهِيْمَ وَعَلَى آلِ إِبْرَاهِيْمَ إِنَّكَ حَمِيْدٌ مَّجِيْدٌ ، اَللّٰهُمَّ بَارِكْ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا بَارَكْتَ عَلَى إِبْرَاهِيْمَ وَعَلَى آلِ إِبْرَاهِيْمَ إِنَّكَ حَمِيْدٌ مَّجِيْدٌ))

**"अल्लाहुम्म सल्लि अला मुहम्मद व अला आलि मुहम्मद, कमा सल्लैत अला इब्राहीम व अला आलि इब्राहीम इन्नक हमीदुम् मजीद । अल्लाहुम्म बारिक अला मुहम्मद व अला आलि मुहम्मद, कमा बारक्त अला इब्राहीम व अला आलि इब्राहीम इन्नक हमीदुम् मजीद।"**

अर्थ: "हे ईश्वर (अल्लाह)! इब्राहीम र इब्राहीमको परिवारमाथि पठाउनु भएको जस्तै कृपा मुहम्मद र मुहम्मदको परिवारमाथि पनि पठाउनुहोस्। वास्तवमा तपाई नै प्रशंसित र सम्मानित हुनुहुन्छ।

हे अल्लाह! इब्राहीम र इब्राहीमको परिवारमाथि पठाउनु भएको जस्तै बरकत (उन्नती) मुहम्मद र मुहम्मदको परिवारमाथि पनि पठाउनुहोस्। वास्तवमा तपाई नै प्रशंसित र सम्मानित हुनुहुन्छ।"

**फेरि निम्नलिखित दुआ पढ्नुपर्छ:**

((اللَّهُمَّ إِنِّي أَعُوْذُ بِكَ مِنْ عَذَابِ جَهَنَّمْ و مِنْ عَذَابِ القَبْرِ ، وَأَعُوذُ بِكَ مِنْ فِتْنَةِ الْمَسِيْحِ الدَّجَّالِ، وَأَعُوذُ بِكَ مِنْ فِتْنَةِ الْمَحْيَا وَالْمَمَاتِ، اللَّهُمَّ إِنِّي أَعُوْذُ بِكَ مِنَ الْمأْثَمِ وَالْمَغْرَمِ))

**"अल्लाहुम्म इन्नी अऊजु बिक मिन अजाबि जहन्नम् व मिन अजाबिल् कब्र, व अऊजु बिक मिन् फित्नतिल् मसीहिद्दज्जाल, व अऊजु बिक मिन् फित्नतिल् मह्'या वल् ममात, अल्लाहुम्म इन्नी अऊजु बिक मिनल् मासमि वल् मगरम् "**

अर्थ: "हे अल्लाह! नर्क र चिहानको सजाय र प्रकोपबाट तपाईको शरण चाहन्छु। र मसीह दज्जाल (अन्धकासुर) को उपद्रवबाट तपाईको शरण चाहन्छु। र जीवन र मृत्युको उपद्रवबाट तपाईको शरण चाहन्छु। हे अल्लाह! म पाप र ऋणबाट तपाईको शरण चाहन्छु।"

फेरि यो दुआ पढ्नु पर्छ:

((اللَّهُمَّ إِنِّي ظَلَمْتُ نَفْسِي ظُلْماً كَثِيْراً، وَلَا يَغْفِرُ الذُّنُوْبَ إِلَّا أَنْتَ، فَاغْفِرْ لِيْ مَغْفِرَةً مِنْ عِنْدِكَ وَارْحَمْنِي إِنَّكَ أَنْتَ الْغَفُوْرُ الرَّحِيْمُ))

**अल्लाहुम्म इन्नी जलम्तु नफ्सी जुल्मन् कसीरन्, वला यग्फिरुज्जुनुब इल्ला अन्त, फग्फिर्ली मग्फिरतम् मिन् इन्दिक वरहम्नी इन्नक अन्तल् गफूर्रहीम्"।**

अर्थ: "हे अल्लाह! मैले आफुमाथि धेरै अन्याय गरेको छु। तपाई बाहेक पापलाई क्षमा गर्ने अरु कोही छैन। तपाई नै आफ्नो विशेष कृपाले मलाई क्षमा गरिदिनुहोस् र म माथि दया गर्नुहोस्। वास्तवमा, तपाई नै क्षमा गर्ने वाला र कृपालु हुनुहुन्छ।

अनि आफ्नो इच्छा अनुसार जेजति दुआ याद छ पढ्न जायज छ, किनकि यो दुआ स्वीकार हुने समय हो। त्यसपछि सलाम फेरेपछि नमाज समाप्त हुन्छ।

## सलाम फेर्नु:

सलाम फेर्नु अथवा पहिला दायाँ तर्फ **"अस्सलामु अलैकुम व रहमतुल्लाह"**

फेरि त्यसरी नै बायाँ तर्फ **"अस्सलामु अलैकुम व रहमतुल्लाह"** भन्नु।

सलाम फेर्नु नमाजको अन्तिम चरण हो।

## ३ रकअतको नमाज:

मगरिबको नमाजमा दुई रकअतपछि तशह्हुद (अत्तहिय्यात) मा बसेर सलाम नफेरी तेस्रो रकअतको लागि अल्लाहु अक्बर भन्दै उभिनु पर्छ। यहाँ पनि रफउल यदैन गर्नुपर्छ र इमाम र मुक्तदी सबैले मात्र फातिहा पढेर रुकुअ र सज्दा गर्नुपर्छ, अर्को सूरह पढ्नु पर्दैन। तेस्रो रकअत पूरा गरिसके पछि अन्तिम तशह्हुदमा बस्नुपर्छ। त्यसपछि सलाम फेरेपछि नमाज समाप्त हुन्छ।

**४ रकअतको नमाज:** जोहर, अस्र र इशाको नमाजहरूमा दुई रकअतपछि तशह्हुद (अत्तहिय्यात) पढेर सलाम नफेरी उभिनुपर्छ,

अझै दुई रकअत पढेर चार रकअत पूरा गरी अन्तिम तशह्हुदमा बस्नुपर्छ। त्यसपछि सलाम फेरेपछि नमाज समाप्त हुन्छ।

## ७ - अन्तिम तशह्हुद:

अन्तिम तशह्हुदमा बस्दा तवर्रुक अर्थात दायाँ खुट्टाको औंलाहरू टेकी ठाडो पारेर किब्लातर्फ


फर्काउनु पर्छ र बायाँ खुट्टालाई दायाँ तिघ्रामुनिबाट बाहिर निकाली नितम्ब भुइँमा राखी बस्नुपर्छ।

दुबै हातहरू पहिलो तशह्हुदमा जस्तै दुबै तिघ्राहरूमाथि राख्नु पर्छ। अनि चोर औंलाले पहिलो तशह्हुदमा गरे झैं इशारा गर्नुपर्छ र माथि उल्लेख गरिएको सबै दुआहरु पढ्नुपर्छ। त्यसपछि सलाम फेर्नुपर्छ, अब नमाज समाप्त हुन्छ। यति गर्नाले २,३ र ४ रकअतको नमाजहरू पूरा हुन्छ। अब नमाजले गर्दा हराम भएका सम्पूर्ण जायज कार्यहरू, जस्तै: कुरा गर्नु, अगाडि पछाडि हेर्नु, खानपिन गर्नु, औंला पट्काउनु, दिसा-पिसाब गर्नु इत्यादि हलाल भयो।

**नोट:** पहिलो र अन्तिम तशह्हुदमा फरक यो छ कि दुई रकअत भन्दा बढी नमाजमा दुई रकअत पढेपछि बसेर मात्र "अत्तहिय्यात" पढेर उभिनु पर्छ, दरुद शरीफ र अरु दुआहरु पढ्नु पर्दैन। तर अन्तिम तशह्हुदमा अत्तहिय्यात सहित बाँकी दुआहरु पनि पढेर सलाम फेर्नु पर्छ। किनकि दुई रकअतको नमाजमा एउटै तशह्हुद हुन्छ र त्यही नै अन्तिम तशह्हुद हुन्छ।

# नमाजका पूर्ण तरीका

किब्ला तर्फ मुख गर्नु,'




रफउल यदैन गर्दै (दुवै हातलाई कांधसम्म उठाउँदै) अल्लाहु अक्बर (तक्बीरे तहरीमः) भनी नमाज आरम्भ गर्नु पर्छ। अनि दायां हातलाई देब्रे हातमाथि राखी दुवै हातलाई छातिमाथि राख्नु पर्छ, फेरि यो दुआ पढ्नु पर्छ। "सुब्हानकल्लाहुम्म व बेहम्देका वतबारकस्मोका व तआला जद्दोका वला इलाह गैरोका।" फेरि "अऊजो बिल्लाहि मिनश्शैता निर्रजीम"




1 2 3

र बिस्मिल्लाहिर्रहमानिर्रहीम" पढे पछि सूरः फातिहा पढ्नु पर्छ। अलहम्दो लिल्लाहि रब्बिल आलमीन्। अर्रह्मानिर्रहीम्। मालिके यौमिद्दीन्। ईय्याक नाअ्बुदु व ईय्याक नस्तईन्। इह्दिनस्सिरातल् मुस्तकीम्। सिरातल्लजीना अन्अम्ता अलैहिम गैरिल् मग्जुबे अलैहिम् वलज्जाल्लीन्।"(आमीन) त्यसपछि कुरआनबाट कुनै पनि सूरः र आयतहरू जुन कण्ठस्थ छ पढ्नु पर्छ।

त्यस पछि अल्लाहु अक्बर भन्दै दुवै हातलाई कांधसम्म उठाई रुकूअ (झुक्नु) गर्नु अनि यो दुआ ३ चोटि पढ्नु "सुब्हान रब्बियल अजीम"



फेरि समिअल्लाहु लेमन हमिदः भन्दै दुवै हातलाई कांधसम्म उठाई यो दुआ पढ्नु "रब्बना वलकल् हम्दो हम्दन् कसीरन् तैय्येबन् मोबारकन् फीह"




5

फेरि "अल्लाहु अक्बर" भन्दै भुईमाथि टाउकोलाई टेक्नु यसलाई सज्दा भनिन्छ अनि यो दुआ ३ चोटि पढ्नु "सुब्हान रब्बियल आला"



6

फेरि "अल्लाहु अक्बर" भन्दै टाउकोलाई उठाएर बस्नु र यो दुआ पढ्नु अल्लाहुम्मग्फिरली



7

फेरि "अल्लाहु अक्बर" भन्दै अर्को सज्दा गर्नु र त्यही दुआ पढ्नु जुन पहिलो सज्दामा पढ्नु भएको थियो, अब तपाईंको एक रकअत नमाज पूरा भइ सक्यो। अब यसै रकअत अनुसार दोस्रो रकअत पूरा गर्नु



8


## दोस्रो रकअत यस प्रकार छ,

बिस्मिल्लाहिर्रहमानिर्रहीम'' पढे पछि सूर: फातिहा पढ्नु पर्छ। अलहम्दो लिल्लाहे रब्बिल आलमीन्। अर्रहमानिर्रहीम्। मालिके यौमिद्दीन्। ईय्याक नाअ्बुदु व ईय्याक नस्तईन्। इह्दिन्स्सिरातल् मुस्तकीम्। सिरातल्लज़ीना अन्अम्ता अलैहिम गैरिल् मग्ज़ूबे अलैहिम् वलज्जाल्लीन्।''(आमीन) त्यसपछि कुरआनबाट कुनै पनि सूर: र आयतहरू जुन कण्ठस्थ छ पढ्नु पर्छ।




1

त्यस पछि अल्लाहु अक्बर भन्दै दुवै हातलाई कांधसम्म उठाई रुकूअ (झुक्नु) गर्नु अनि यो दुआ ३ चोटि पढ्नु ''सुब्हान रब्बियल अज़ीम''



2

फेरि समिअल्लाहु लेमन हमिद: भन्दै दुवै हातलाई कांधसम्म उठाई यो दुआ पढ्नु 'रब्बना वलकल् हम्दो हम्दन् कसीरन् तैय्येबन् मोबारकन् फीह''




3

फेरि ''अल्लाहु अक्बर'' भन्दै भुईंमाथि टाउकोलाई टेक्नु यसलाई सज्दा भनिन्छ अनि यो दुआ ३ चोटि पढ्नु ''सुब्हान रब्बियल आला''




4

फेरि ''अल्लाहु अक्बर'' भन्दै टाउकोलाई उठाएर बस्नु र यो दुआ पढ्नु अल्लाहुम्मग्फिरली




5

फेरि ''अल्लाहु अक्बर'' भन्दै अर्को सज्दा गर्नु र त्यही दुआ पढ्नु जुन पहिलो सज्दामा पढ्नु भएको थियो, अब तपाईंको २ रकअत नमाज पूरा भइ सक्यो



6


यदी २ रकअतको नमाज छ भने त २ रकअतपछि उभ्नु पर्दैन बरु तशहहुदको लागि सज्दामा उल्लेखित तरिका अनुसार नै बस्नु र यो दोआ पढ्नु ''अत्तहिय्यातु लिल्लाहि वस्सलवातु वत्तैय्यिबातु अस्सलामु अलैक अय्युहन्नबियु व रहमतुल्लाहि व बरकातुहु, अस्सलामो अलैना व अला इबादिल्लाहिस्सालिहीन। अशहदु अल्ला इलाह इल्लल्लाहो व अशहदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु'' र दरूद शरीफ पनि पढ्नु



7

फेरि सलाम फेर्नु अथवा पहिलो दायां तर्फ ''अस्सलामु अलैकुम व रहमतुल्लाह''


फेरि त्यसरि नै बायां तर्फ ''अस्सलामु अलैकुम व रहमतुल्लाह'' भन्नु



8

## ३ रकअतको नमाज

जसरी मगरिबमा उक्त तशह्हुद (मात्र अत्तहियात) पढी सकेपछि सलाम नफेरिकन तेस्रो रकअतको लागि अल्लाहु अक्बर भन्दै खडा हुनु पर्छ। यहां पनि रफउल यदैन गर्नु पर्छ र इमाम र मुक्तदी सबैलाई मात्र फातिहा पढेर रूकूअ र सज्दा गर्नु पर्छ कुनै अर्को सूरः पढ्न मिल्दैन। तेस्रो रकअत पूरा गरि सकेपछि अन्तिम तशह्हुदमा बस्नु पर्छ




1

बिस्मिल्लाहिर्रहमानिर्रहीम'' भने पछि सूरः फातिहा पढ्नु पर्छ। अलहम्दो लिल्लाहे रब्बिल आलमीन्। अर्रहमानिर्रहीम्। मालिके यौमिद्दीन्। ईय्याक नाअ्बुदु व ईय्याक नस्तईन्। इह्दि नस्सिरातल् मुस्तकीम्। सिरातल्लजीना अन्अम्ता अलैहिम् गैरिल् मग्जूबे अलैहिम् वलज्जाल्लीन्।''(आमीन)




2

यस पछि अल्लाहु अक्बर भन्दै दुवै हातलाई कांधसम्म उठाई रूकूअ (झुक्नु) गर्नु अनि यो दुआ ३ चोटि पढ्नु "सुब्हान रब्बियल अजीम"



3

फेरि समिअल्लाहु लेमन हमिदः भन्दै दुवै हातलाई कांधसम्म उठाई यो दुआ पढ्नु "रब्बना वलकल् हम्दो हमदन् कसीरन् तैय्येबन् मोबारकन् फीह''



4

फेरि "अल्लाहु अक्बर'' भन्दै भुईंमाथि टाउकोलाई टेक्नु यसलाई सज्दा भनिन्छ अनि यो दुआ ३ चोटि पढ्नु "सुब्हान रब्बियल आला''a




5

फेरि "अल्लाहु अक्बर'' भन्दै टाउकोलाई उठाएर बस्नु र यो दुआ पढ्नु अल्लाहुम्मग्फिरली




6

फेरि "अल्लाहु अक्बर'' भन्दै अर्को सज्दा गर्नु र त्यही दुआ पढ्नु जुन पहिलो सज्दामा पढ्नु भएको थियो, अब तपाईंको ३ रकअत नमाज पूरा भइ सक्यो।



7


३ रकअतको नमाज छ भने त ३ रकअतपछि उभ्नु पर्दैन बरू अन्तिम तशह्हुदको लागि तवर्रुक गरे र बस्नु र यो दोआ पढ्नु "अत्तहियातु लिल्लाहि वस्सलवातु वत्तैय्यिबातु अस्सलामु अलैक अय्युहन्नबियु व रहमतुल्लाहि व बरकातुहु, अस्सलामो अलैना व अला इबादिल्लाहिस्सालिहीन। अश्हदु अल्ला इलाह इल्लल्लाहो व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु'' र दरूद शरीफ पनि पढ्नु



8

फेरि सलाम फेर्नु अथवा पहिलो दायां तर्फ "अस्सलामु अलैकुम व रहमतुल्लाह''

फेरि त्यसरि नै बायां तर्फ "अस्सलामु अलैकुम व रहमतुल्लाह'' भन्नु




9

## ४ रकअतको नमाज




जोहर, अस्र, र ईशाको नमाज, यी सबैमा तेस्रो रकअत पूरा गरि सकेपछि न बसीकन चौथो रकअतको लागि खडा हुनु र बिस्मिल्लाहिर्रहमानिर्रहीम'' भने पछि सूरः फातिहा पढ्नु पर्छ। अलहम्दो लिल्लाहे रब्बिल आलमीन्। अर्रहमानिर्रहीम्। मालिके यौमिद्दीन्। ईयाक नाअबुदु व ईयाक नस्तईन्। इहदि नस्सिरातल् मुस्तकीम्। सिरातल्लजीना अन्अम्ता अलैहिम गैरिल् मग्जूबे अलैहिम् वलज्जाल्लीन्।''(आमीन)

1




यस पछि अल्लाहु अकबर भन्दै दुबै हातलाई कांधसम्म उठाई रुकूअ (झुक्नु) गर्नु अनि यो दुआ ३ चोटि पढ्नु ''सुब्हान रब्बियल अजीम''


2



फेरि समिअल्लाहु लेमन हमिद: भन्दै दुबै हातलाई कांधसम्म उठाई यो दुआ पढ्नु ''रब्बना लकल् हम्दो हम्दन् कसीरन् तैय्येबन् मोबारकन् फीह''

3





फेरि ''अल्लाहु अकबर'' भन्दै कुहिनाबाहेक टाउकोलाई टेक्नु यसलाई सज्दा भनिन्छ अनि यो दुआ ३ चोटि पढ्नु ''सुब्हान रब्बियल आला''


4






फेरि ''अल्लाहु अकबर'' भन्दै टाउकोलाई उठाएर बस्नु र यो दुआ पढ्नु अल्लाहुम्मग्फिरली


5





फेरि ''अल्लाहु अकबर'' भन्दै अर्को सज्दा गर्नु र त्यही दुआ पढ्नु जुन पहिलो सज्दामा पढ्नु भएको थियो, अब तपाईंको ४ रकअत नमाज पूरा भइ सक्यो।

6





अब तपाई अन्तिम तशह्हुदको लागि तवर्रुक गरे र बस्नु र यो दोआ पढ्नु ''अत्तहिय्यातु लिल्लाहि वस्सलवातु वत्तैय्यिबातु अस्सलामु अलैक अय्युहन्नबियु व रहमतुल्लाहि व बरकातुहु, अस्सलामो अलैना व अला इबादिल्लाहिस्सालिहीन। अश्हदु अल्ला इलाह इल्लल्लाहो व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु'' र दरूद शरीफ पनि पढ्नु

7





फेरि सलाम फेर्नु अथवा पहिलो दायां तर्फ ''अस्सलामु अलैकुम व रहमतुल्लाह''

फेरि त्यसरि नै बायां तर्फ ''अस्सलामु अलैकुम व रहमतुल्लाह'' भन्नु

8

# الأذكار بعد الصلاة

## नमाज पछिको दुआहरु

प्रत्येक फर्ज नमाजपछि इमाम छ भने मुक्तदी तर्फ मुख गरी बस्नुपर्छ अनि इमाम र मुक्तदी दुबैले उच्च स्वरमा निम्नलिखित दुआहरु पढ्नु पर्छ:

३ पटक (أَسْتَغْفِرُ الله) **"अस्तग्फिरुल्लाह"** अर्थ: "हे अल्लाह, मलाई माफ गरि दिनुहोस्।" भन्नुपर्छ, फेरी बाँकी दुआहरु पढ्नु पर्छ।

((اللَّهُمَّ أنتَ السَّلَامُ و مِنكَ السَّلَامُ، تَبارَكْتَ يا ذَا الجَلَالِ وَالإكرَامِ))

**"अल्लाहुम्म अन्तस्सलाम् व मिनकस्सलाम् तबारक्त या जल्जलालि वल् इकराम्"**

अर्थ: "हे अल्लाह! तपाई शान्ति दाता हुनुहुन्छ र तपाईले नै शान्ति प्रदान गर्नु हुन्छ। हे महान तथा प्रतिष्ठित अल्लाह तपाई कल्याणकारी हुनुहुन्छ।"

((لَا إِلَهَ إلَّا اللهُ وَحْدَهُ لَا شَرِيْكَ لَهُ، لَهُ المُلكُ وَلَهُ الحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيءٍ قَديرٌ، اللهُمَّ لَا مَانِعَ لِما أعطَيْتَ وَلَا مُعطِيَ لِمَا مَنَعْتَ وَلَا يَنْفَعُ ذَا الجَدِّ مِنْكَ الجَدّ))

**"लाइलाह इल्लल्लाहु वहदहु ला शरीक लहु, लहुलमुल्कु वलहुल्हम्दु व हुव अला कुल्लि शैइन् कदीर। अल्लाहुम्म ला मानिअ लिमा आतैत वला मुअ्तिय लिमा मनअ्त वला यन्फउ जल् जद्दि मिन्कल् जद्"**

अर्थ: "अल्लाह बाहेक अरु कोही पनि पूज्यनीय छैन। उहाँ एक्लै हुनुहुन्छ, उहाँको कोही साझेदार छैन, सम्पूर्ण राज्यहरू उहाँकै हुन् र सबै प्रकारको प्रशंसाहरू उहाँकै लागि हो। उहाँ हरेक वस्तु माथि सामर्थ्यवान हुनुहुन्छ। हे अल्लाह! जे तपाईले दिनुहुन्छ त्यसलाई रोक्ने वाला कोही छैन। र जे तपाईले रोकी दिनुहुन्छ त्यसलाई दिने वाला कोही छैन। र धनी मान्छेलाई उसको धनले तपाईको सजायबाट मुक्ति दिन सक्दैन।" (बुखारी र मुस्लिम)

((اَللَّهُمَّ إِنِّيْ أَعُوْذُ بِكَ مِنَ الْجُبْنِ، وَأَعُوْذُ بِكَ مِنَ الْبُخْلِ، وَأَعُوْذُ بِكَ مِنْ أَنْ أُرَدَّ إِلَى أَرْذَلِ الْعُمْرِ، وَأَعُوْذُ بِكَ مِنْ فِتْنَةِ الدُّنْيَا وَعَذَابِ الْقَبَرِ))

**"अल्लाहुम्म इन्नी अऊजुबिक मिनल् जुब्नि व अऊजुबिक मिनल् बुख्लि व अऊजुबिक मिन् अन् उरद्द इला अर्जलिल् उम्रि व अऊजुबिक मिन् फित्नतिद् दुनिया व अजाबिल् कब्र।"**

अर्थ: हे अल्लाह ! म तपाईको शरण चाहन्छु भयबाट र तपाईको शरण चाहन्छु कन्जूसीबाट र तपाईको शरण चाहन्छु खराब जीवनबाट र तपाईको शरण चाहन्छु संसार र कब्र (चिहान) को सजायबाट।" (सही बुखारी ६३९०)

यी दुआहरुको अतिरिक्त ३३ पटक (سُبْحَانَ الله) **"सुब्हानल्लाह"** ३३ पटक (الْحَمدُ لله) **"अल्हम्दुलिल्लाह"** ३३ पकट (اللهُ اَكْبَر) **"अल्लाहु अक्बर"** र एक पटक पढ्नु होस्:

((لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَاشَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلهُ الْحَمدُ وَهُوَ عَلَى كُلِّ شَيءٍ قَدِيرٌ))

**“लाइलाह इल्लल्लाहु वह्दहु ला शरीक लहु, लहुलमुल्कु वलहुल्हम्दु व हुव अला कुल्लि शैइन् कदीर।”**
अर्थ: "अल्लाह बाहेक अरु कोही पनि पूज्यनीय छैन । उहाँ एक्लै हुनुहुन्छ उहाँको कोही साझेदार छैन्, सम्पूर्ण राज्यहरू उहाँकै हुन् र सबै प्रकारको प्रशंसाहरू उहाँकै लागि हो। उहाँ हरेक वस्तु माथि सामर्थ्यवान हुनुहुन्छ।"

यी दुआहरु पछि आयतुल् कुर्सी पढ्नु होस्। किनकि एउटा हदीसमा नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ:
((مَنْ قرأَ آيةً الكُرسِيِّ دُبُرَ كلِّ صلاةٍ مكتوبةٍ ، لمْ يمنعْهُ من دُخُولِ الجنةَ إلَّا أنْ يمُوتَ)) [صحيح الجامع

**"मन् करअ आयतुल् कुर्सी दुबुर कुल्लि सलातिन् मक्तूबह्, लम् यम्नअ्हु मिन् दुखूलिल् जन्नत इल्ला अन् यमूत्।"** (सहीह जामिअ)
अर्थ: "यदि कुनै पनि व्यक्तिले प्रत्येक फर्ज नमाजपछि आयतुल् कुर्सी पढ्दछ भने उसलाई स्वर्गमा प्रवेश गर्नबाट मृत्यु बाहेक कुनै पनि कुरा अथवा चीजले रोक्न सक्दैन।"

**आयतुल् कुर्सी:**

ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلْحَىُّ ٱلْقَيُّومُ ۚ لَا تَأْخُذُهُۥ سِنَةٌ وَلَا نَوْمٌ ۚ لَّهُۥ مَا فِى
ٱلسَّمَٰوَٰتِ وَمَا فِى ٱلْأَرْضِ ۗ مَن ذَا ٱلَّذِى يَشْفَعُ عِندَهُۥٓ إِلَّا بِإِذْنِهِۦ ۚ
يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ ۖ وَلَا يُحِيطُونَ بِشَىْءٍ مِّنْ عِلْمِهِۦٓ
إِلَّا بِمَا شَآءَ ۚ وَسِعَ كُرْسِيُّهُ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ ۖ وَلَا يَـُٔودُهُۥ حِفْظُهُمَا ۚ
وَهُوَ ٱلْعَلِىُّ ٱلْعَظِيمُ ﴿٢٥٥﴾

**"अल्लाहु लाइलाह इल्ला हुवल् हैय्युल कैय्यूम, ला तअ्खुजुहू-सिनतुव्वला नौम्, लहू मा फिस्समावाति वमा फिल् अर्ज्, मन् जल्लजी यश्फउ इन्दहू इल्ला बिइज्निहि, यअ्लमु मा बैन अइदीहिम् वमा खल्फहुम् वला युहीतून बिशैइम् मिन् इल्मिही इल्ला बिमाशाअ वसिअ कुर्सिय्युहुस्समावाति वल् अर्ज्, वला यऊदुहू हिफ्जुहुमा व हुवल् अलिय्युल् अजीम्।"**

अर्थः "अल्लाह बाहेक अरू कोही पूज्यनीय छैन। उहाँ सधै जीवन्त एवम् चिरस्थायी हुनुहुन्छ। उहाँलाई न उँग लाग्छ न निद्रा। आकाश र धर्तीका सबै वस्तुहरु उहाँकै हुन्, को छ जो ईश्वर समक्ष कसैको सिफारिस उहाँको आज्ञा बिना गर्न सकोस्?। उहाँलाई मानिसहरुको दृश्य र अदृश्य कुराहरूको राम्रो ज्ञान छ। तिनले उहाँको ज्ञानको कुनै पनि अंश उहाँले नचाहेसम्म प्राप्त गर्न सक्दैनन्। उहाँको कुर्सीले आकाश र धर्तीलाई आफ्नो अन्तर्गत लिई समेटेर राख्नु भएको छ। र आकाश तथा धर्तीको संरक्षणले उहाँलाई कहिल्यै थकान महसुस हुदैन, र उहाँ अत्यन्त महान हुनुहुन्छ।"

**नोटः** यदि फज्र र मगरिबको नमाज हो भने आयतुल् कुर्सी पछि यो दुआ दस पटक पढ्नु उत्तम हो।

**"लाइलाह इल्लल्लाहु वह्दहु ला शरीक लहु, लहुलमुल्कु वलहुल्हम्दु व हुव अला कुल्लि शैइन् कदीर।"**

अर्थः "अल्लाह बाहेक अरु कोही पनि पूज्यनीय छैन। उहाँ एक्लै हुनुहुन्छ उहाँको कोही साझेदार छैन्, सम्पूर्ण राज्यहरू उहाँकै हुन् र सबै प्रकारको प्रशंसाहरू उहाँकै लागि हो। उहाँ हरेक वस्तु माथि सामर्थ्यवान हुनुहुन्छ।"

त्यसैगरी प्रत्येक फर्ज नमाज पछि सूरह् इख्लास्, सूरह्: फलक र सूरह्: नास एक-एक पटक पढ्नु उत्तम हो र मगरिब र फज्रको नमाज पछि तीन-तीन पटक पढ्नु उत्तम हो।

# صلاة الوتر

## वित्रको नमाज

रातको नमाजमा सबभन्दा अन्तिम नमाज वित्रको नमाज हो। यस नमाजको धेरै महत्व छ किनकि नबी सल्लल्लाहु अलैहि व सल्लमले यात्रामा पनि यसलाई छाड्नु हुन्नथ्यो। वित्रको समय इशाको नमाज पश्चात फज्रको अजान सम्म हुन्छ। यदि रातको अन्तिम पहरमा तहज्जुदको नमाज पढ्ने विचार छैन भने इशाको नमाज पश्चात र सुन्नु भन्दा पहिला १ रकअत वा ३ रकअत वा ५ रकअत वा ७ रकअत वा ९ रकअत वा ११ रकअत सम्म पढ्न सकिन्छ। तर ११ रकअत भन्दा बढी पढ्न सही हदीसबाट प्रमाणित छैन। र अन्तिम रकअतमा रुकुअ पछि दुआए कुनूत पढ्नु उत्तम हो, जुन यसप्रकार छ:

**वित्रको दुआ:**

वित्रको अन्तिम रकअतमा रुकूअ पछि कुनूतको यो दुआ पढ्नु पर्छ।

((اَللَّهُمَّ اهْدِنِيْ فِيْمَنْ هَدَيْتَ، وَعَافِنِيْ فِيْمَنْ عَافَيْتَ، وَتَوَلَّنِيْ فِيْمَنْ تَوَلَّيْتَ، وَبَارِكْ لِيْ فِيْمَا أَعْطَيْتَ، وَقِنِيْ شَرَّ مَا قَضَيْتَ، فَإِنَّكَ تَقْضِيْ وَلَا يُقْضَيْ عَلَيْكَ، إِنَّهُ لَا يَذِلُّ مَنْ وَالَيْتَ، وَلَا يَعِزُّ مَنْ عَادَيْتَ)، تَبَارَكْتَ رَبَّنَا وَتَعَالَيْتَ))

**"अल्लाहुम्महिदनी फीमन् हदैत, व आफिनी फीमन् आफैत, व तवल्लनी फीमन् तवल्लैत, व बारिक्ली फीमा आतैत, वकिनी शर्रमा कजैत। फइन्नक तक्जी वला युक्जा अलैक इन्नहु ला यजिल्लु मव्वालैत वला यइज्जु मन् आदैत तबारक्त रब्बना व तआलैत।"** (तिर्मिजी ४६४)

अर्थ: "हे अल्लाह (ईश्वर) मलाई हिदायत (मार्गदर्शन) दिनु उनीहरूसंगै जसलाई तपाईले हिदायत दिनुभयो, मलाई आफियत (शान्ति) दिनु उनीहरूसंगै जसलाई तपाईले आफियत दिनुभयो, मलाई मित्र बनाई राख्नु उनीहरूसंगै जसलाई तपाईले मित्र बनाई राख्नुभयो र मलाई बरकत (उन्नती) दिनु त्यो वरदानमा जुन तपाईले मलाई दिनुभयो, अनि मलाई त्यो अशुभबाट बचाउनु जसको तपाईले फैसला गर्नुभएको छ। तपाईले नै फैसला गर्नुहुन्छ, तपाई माथि कसैको फैसला हुँदैन। जसलाई तपाईले मित्र बनाउनु हुन्छ उसलाई अपमानित गर्ने कोही छैन। र जसलाई तपाईले दुश्मन (शत्रु) बनाउनु हुन्छ भने त्यसलाई सम्मान दिने कोही छैन। हे मेरो ईश्वर! तपाई बढोत्तरी (बरकत) वाला र महान हुनुहुन्छ, हामी तपाई सित क्षमा चाहन्छौं र तपाई कै शरणमा हुन्छौं।"

## वित्र पछिको दुआ:

वित्रको नमाज पछि निम्नलिखित दुआ तीन पटक पढ्नु पर्छ।

((سُبْحَانَ الْمَلِكِ الْقُدُّوْسِ))

**"सुब्हानल् मलिकिल् कुददुस्"**

अर्थ: "महान सम्राट ईश्वर अत्यन्त पवित्र हुनुहुन्छ " (अबू दाउद) र फेरी यसलाई पढ्नु पर्छ:

((رَبُّ الْمَلائِكَةِ وَالرُّوحِ))

**"रब्बुल् मलाइकति वर्रूह"** अर्थ: "फरिश्ताहरु तथा जिब्रीलको ईश्वर"

नोट: रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लम उक्त दुआ तेस्रो पटक पढ्दा स्वर उच्च पार्दै लामो तान्नु हुन्थ्यो।

# بعض مسائل الصلاة

# नमाज सम्बन्धित केही महत्वपूर्ण कुराहरू

१) नमाज जमाअत (समूह) मा पढ्नाले सत्ताइस गुना सवाब (प्रतिफल) प्राप्त हुन्छ। (बुखारी र मुस्लिम)

२) इमामको साथमा एक जना भएपनि त्यो अवस्थालाई जमाअत (समूह) मानिन्छ (बुखारी र मुस्लिम)

३) पंक्ति (सफ) लाई सिधा गर्नाले नमाज पूर्ण हुन्छ। (तिर्मिजी)

४) पंक्ति (सफ) हरूको बीचमा खाली ठाउँ छोड्नु हुँदैन। (अबू दाउद)

५) यात्रीहरुले चार रकअतको नमाजलाई घटाएर (कसर गरेर) दुई रकअत पढ्नु पर्छ। (मुसनद अहमत)

६) यात्राको बेलामा दुई समयको नमाज एकैपटक अर्थात एउटै समयमा दुइटा नमाजहरू पढ्नु पनि उचित छ। (मुसनद अहमत)

७) भुलेर वा बिर्सेर नमाजमा कम-बेसी भयोभने सज्दए सहु गर्नु जरुरी छ। कम भयो भने कमीलाई पूरा गरेपछि सलाम फेर्नुभन्दा पहिला दुई चोटी सज्दा गर्नुपर्छ र अधिक भयोभने सलाम फेरेपछि दुई चोटी सज्दा गरेर सलाम फेर्नु पर्छ। (बुखारी)

# صلاة النافلة□

## नफिल नमाजहरु

((صَلُّوا كَمَا رَأَيْتُمُونِي أُصَلِّي)) (رواه البخاري)

अर्थ: "नमाज त्यसरी नै पढ्नु जसरी तिमीहरूले मलाई पढ्दै गर्दा देखेका छौ।"

१) उत्तम यो हो कि सुन्नत र वित्र घरमा नै पढ्नु यदि कुनै व्यक्तिले मस्जिदमा पढ्छ भने केहि फरक पर्दैन, किनकि नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ:

((إِنَّ أَفْضَلَ صَلاَةِ الْمَرْءِ فِي بَيْتِهِ إِلَّا الصَّلَاةَ الْمَكْتُوبَةَ)) (متفق عليه)

अर्थ: "नि:सन्देह फर्ज (अनिवार्य) नमाजहरूको अतिरिक्त, सुन्नत नमाजहरू पुरुषले घरमा पढ्नु नै उत्तम हो।" (बुखारी र मुस्लिम)

२) १२ रकआत नफिल नमाजहरू कायम राख्नु स्वर्गमा प्रवेशको कारक हो, किनकि सही मुस्लिममा उम्मे हबीबा रजियल्लाहु अन्हाले बयान गर्नुभएको छ कि रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो:

((مَا مِنْ عبْدٍ مُسْلِمٍ يُصَلِّي لِلهِ كُلَّ يَوْمٍ ثِنْتَيْ عَشَرَةَ رَكْعَةً تَطَوُّعًا غَيْرَ فَرِيضَةٍ إِلَّا بَنَى اللهُ لَهُ بَيْتًا فِي الْجَنَّةِ)) (رواه مسلم)

अर्थ: "जो मोमिन भक्त फर्जको अतिरिक्त प्रत्येक दिन अल्लाह तआलाको लागि १२ रकआत नफिल नमाजहरू पढ्छ भने

अल्लाह तआलाले उसको लागि स्वर्गमा घर बनाइ दिनुहुन्छ।" (मुस्लिम)

३) इमाम तिर्मिजीले वर्णन गर्नुभएको छ कि अस्रको नमाज भन्दा पहिला चार रकअत र मगरिबको नमाज भन्दा पहिला दुई रकअत नमाज पढ्नु अति उत्तम हो, किनकि रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छः

((رَحِمَ اللهُ امْرَءًا صَلَّى أَرْبَعًا قَبْلَ الْعَصْرِ)) (أبوداود و الترمذي و حسنه الشيخ الألباني)

अर्थ: "अल्लाह तआला त्यो व्यक्ति माथि दया गरोस् जस्ले अस्रको नमाज भन्दा पहिला चार रकअत पढ्यो।"

यसलाई अझ प्रष्ट पर्दै रसूलुल्लाह सल्लल्लाहु अलैहि व सल्लमले भन्नु भएको छः

((بَيْنَ كُلِّ أَذَانَيْنِ صَلَاةٌ، بَيْنَ كُلِّ أَذَانَيْنِ صَلَاةٌ ثُمَّ قَالَ فِي الثَّالِثَةِ لِمَنْ شَآءَ)) (رواه البخاري ومسلم)

अर्थ: "प्रत्येक अजान र इकामतको बीचमा नफिल नमाज छ, प्रत्येक अजान र इकामतको बीचमा नमाज छ। फेरि तेस्रो पटक भन्नुभयो जसले पढ्न चाहन्छ उसले पढोस्।"

((مَن حافظَ علَى أربعِ رَكَعاتٍ قبلَ الظُّهرِ ، وأربع بعدَها ، حرَّمَهُ اللَّهُ علَى النَّارِ.)) (صحيح الترمذى للألباني 428)

अर्थ: "जस्ले जोहर भन्दा अघि र पछि चार रकआत सुन्नतको रक्षा गर्दछ (पढ्छ) भने अल्लाहले उसमाथि नर्क हराम गरिदिनु हुन्छ।" (सहीह तिर्मिजी लिल्अलबानी ४२८)

## ४) तहज्जुद र तरावीह:

कयामुल्लैल, तरावीह र तहज्जुद चाहिँ रातको नमाज हो। र एउटै नमाजको अनेक नाम हो। रमजानमा इशा पछि २/२ रकअत गरि ८ रकअत तरावीह पढ्नु सुन्नत हो, वित्र समेत ११ रकअत नमाज पढ्नु नै सुन्नत र उत्तम हो। रसूलुल्लाह सल्लल्लाहु अलैहि व सल्लम रातमा वित्र समेत सधैं ११ रकअत नमाज पढ्नु हुन्थ्यो।

फज्रको अजानभन्दा केही छिन अघिसम्म तहज्जुदको समय हुन्छ। तहज्जुदपछि १ वा ३ रकअत वित्र पढ्नुपर्छ। तहज्जुदको नमाज पढ्ने नियत छ भने इशाको सुन्नत पछि वित्र नपढिकन सुत्नु होस् र तहज्जुदपछि वित्र पढ्नु होस्। किनभने एक रातमा २ वित्र पढ्नु जायज छैन। यदि आँखा खुलेन भने पनि पुण्य प्राप्त हुन्छ।
वित्रको नमाज सबभन्दा अन्तिम नमाज हो, वित्रको नमाज कम्तीमा १ र बढीमा ११ रकअत सम्म प्रमाणित छ।

हजरत आइशा रजियल्लाहु अन्हाले भन्नु भएको छ: नबी सल्लल्लाहु अलैहि व सल्लमले रमजान र रमजान बाहेक प्रत्येक रातमा ११ रकअत भन्दा बढी तहज्जुद र तरावीह पढ्नु हुन्नथ्यो र यो नै उहाँको सुन्नत हो।

## ५) जुहाको नमाज:

जुहाको नमाज पनि महत्वपूर्ण सुन्नत हो यसलाई नमाज अव्वाबीन पनि भनिन्छ। यो नमाज कम्तीमा २ रकअत र बढीमा ८ रकअत पढ्नु प्रमाणित छ। सूर्योदय भएको केही समयपछि

यसको समय आरम्भ हुन्छ र जोहर भन्दा केही समय अघिसम्म बाँकी रहन्छ।

**६) तहिय्यतुल् वजू:**

वजू पछि २ रकअत नमाज पढ्नु सुन्नत हो चाहे त्यो दिन र रातको जुनसुकै समय किन नहोस्।

# صلاة المريض

# बिरामीको नमाज

आदरणीय पाठक! नमाज हरेक व्यक्तिको लागि अनिवार्य छ। बिरामीको लागि तहारत र नमाजका केही विशेष तरीकाहरू छन्, जसलाई तल वर्णन गरिएको छ।

**तहारत (पवित्रता) प्राप्त गर्नु:**

बिरामीले पनि पानीले वज़ू र स्नान गरेर अपवित्रताबाट पवित्रता प्राप्त गर्नु पर्दछ। पानी हानिकारक भएको अवस्थामा तयम्मुम गरेर नमाज पढ्न सकिन्छ। आफै वज़ू गर्न नसकिने अवस्थामा अर्को व्यक्तिको सहारामा वज़ू गर्न सकिन्छ।

वज़ू गरिने अंगमा घाउ वा पट्टी लगाएको छ भने त्यसलाई खोल्नु वा धुनु जरूरी छैन, मात्र पानीले हात भिजाएर मसार्नु पर्याप्त हुन्छ।

**नमाजको तरिका यसप्रकार छ:**

बिरामीले पनि सम्भव भएसम्म उभेर नमाज पढ्नुपर्छ। उभिने तागत छैन भने लौरो वा कुर्सीको सहाराले टेक लगाएर नमाज पढ्न सकिन्छ, सज्दा गर्दा रुकुअमा भन्दा बढी टाउको झुकाउनु पर्छ। यो पनि सम्भव छैन भने बसेर नमाज पढ्न सकिन्छ। बसेर पनि पढ्न सक्ने अवस्था छैन भने किब्लातर्फ खुट्टा गरी सुतेर नमाज पढ्न सकिन्छ। यो पनि सम्भव छैन भने मात्र टाउको र

आँखाको इशाराले सहजता अनुसार नमाज पढ्नुपर्छ, तर नमाज छोड्नु हुँदैन। बिरामीको वजू वा तयम्मुम भंग भएको छैन भने एक पटक गरेको वजूले एकभन्दा अधिक नमाजहरू पढ्न सकिन्छ।

बिरामी व्यक्ति हरेक समयमा नमाज पढ्न सक्दैन भने उसको लागि जमअ अर्थात दुई नमाजलाई एक समयमा पढ्न जायज छ। यदि बिरामीको विदेशमा उपचार भइरहेको छ भने उसको लागि कस्र गर्न (चार रकअतको नमाजलाई दुई रकअत पढ्न) जायज छ चाहे जतिसुकै दिनको यात्रामा रहोस्।

नमाजबाट बिरामीलाई धैर्य प्राप्त हुन्छ र चाँडै निको हुने संभावना हुन्छ।

# صلاة الجمعة

# जुमाको नमाज

नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नु भएको छ:

((مَنِ اغْتَسَلَ ثُمَّ أَتَى الْجُمُعَةَ، فَصَلَّى مَا قُدِّرَ لَهُ ثُمَّ أَنْصَتَ حَتَّى يَفْرُغَ الإِمَامُ مِنْ خُطْبَتِهِ، ثُمَّ يُصَلِّي مَعَهُ غُفِرَ لَهُ مَا بَيْنَهُ وَبَيْنَ الْجُمُعَةِ الأُخْرَى، وَزِيَادَةُ ثَلاَثَةِ أَيَّامٍ)) (رواه مسلم)

अर्थ: "जुन व्यक्ति स्नान गरेर जुमाको नमाजको लागि आउँछ, आफ्नो क्षमता अनुसार नफिल नमाज पढ्छ र चुप लागेर इमामको खुत्बा सुन्छ। फेरि इमाम संग जुमाको दुई रकअत नमाज पढ्छ भने उसको एक जुमा देखि अर्को जुमा बीचको सबै पापहरू अल्लाहले क्षमा गरिदिनु हुन्छ र अरु थप तीन दिनको पाप पनि क्षमा हुन्छ।" (मुस्लिम)

जुमाको नमाज दुई रकअत पढ्न अनिवार्य छ। जुमाको समय जोहरको समय हो। (बुखारी)

गाउँ शहर हरेक स्थानमा जुमाको नमाज फर्ज (अनिवार्य) छ। जुमाको खुत्बा अनिवार्य छ। जुमाको दिन खुत्बा भन्दा अगाडि सुन्नत नमाज जति पढे पनि हुन्छ।

जुमा पछि चार रकअत सुन्नत पढ्नु उत्तम हो र दुई रकअत पढ्नु पनि जायज छ। यदि दुई रकअत नै पढ्नु छ भने घरमा गएर पढ्नु उत्तम हुन्छ। यदि कुनै व्यक्ति अजानपछि इमामले खुत्बा दिइरहेको बेला मस्जिदमा आउँछ भने दुई रकअत सुन्नत पढेर

खुत्बा सुन्नु पर्छ। जुमाको नमाज पुरुषहरूको लागि मात्र अनिवार्य छ। महिलाहरुको लागि जुमा पढ्नु अनिवार्य छैन। (मुस्लिम) बरु तिनीहरूको लागि घरमा नै जोहरको नमाज पढ्नु उत्तम हो।

**जुमाको आदाब:**

१) स्नान गर्नु, नङ काट्नु र सफा लुगा लगाएर सुगन्ध लगाउनु।

२) काँचो लहसुन, प्याच र चुरोट नखानु।

३) नबी सल्लल्लाहु अलैहि व सल्लमले भन्नु भएको छ: मस्जिदमा प्रवेश गरेपछि दुई रकअत तहिय्यतुल् मस्जिद पढेर बस्नु,चाहे त्यो व्यक्ति खुत्बाको समयमा नै किन प्रवेश नगरोस्। (बुखारी र मुस्लिम)

४) खुत्बाको बेला कुराकानी नगरी शान्तिपूर्वक खुत्बा सुन्नु।

५) नबी सल्लल्लाहु अलैहि वसल्लम माथि धेरै-धेरै दरुद शरीफ व सलाम पढ्नु।

६) जुमाको दिन धेरै-धेरै दुआ गर्नु। किनकि जुमा यस्तो दिन हो जुन दिन अल्लाहले दुआ स्वीकार गर्नुहुन्छ। (बुखारी र मुस्लिम)

७) अगाडिको पंतिमा जानको लागि कसैको गर्दन नाघेर नजानु, किनकि हदीसमा यसको बारेमा सक्त मनाही छ।

८) सुरह कहफको तिलावत (पाठ) गर्नु।

९) जुमाको नमाजको लागि छिटो जानु।

१०) जुमाको नमाज छुट्यो भने चार रकअत जोहर पढ्नु।

११) जुमाको अजान भएपछि खरिदबिक्रीलाई बन्द गर्नु।

# صلاة العيدين

## दुईटै ईदको नमाज

अल्लाह तआलाले मुस्लिमहरुका लागि वर्षमा दुईवटा ईद (पर्व) हरू तोक्नु भएको छ। ती हुन्: ईदुल-फित्र (रमजानको पर्व) र ईदुल-अज्हा (कुर्बानीको पर्व)।

ईदको नमाज मात्र दुई रकअत सुन्नत मुअक्किद: हुन्छ। ईदको नमाज बिहानै सूर्योदय भएको आधा घण्टापछि आरम्भ हुन्छ र जोहर भन्दा आधा घण्टा पहिला सम्म बाँकी रहन्छ। ईदको नमाजको लागि अजान र इकामत दिनु पर्दैन।

ईदको नमाजमा पहिलो रकअतमा तक्बीर तहरीमापछि सात पटक तक्बीर (अल्लाहु अक्बर) भन्नुपर्छ र दोस्रो रकअतमा पाँच पटक तक्बीर भन्नुपर्छ। हरेक तक्बीरमा रफउल यदैन गर्नुपर्छ। ईदैनको नमाज भन्दा पहिला वा पछि कुनै सुन्नत वा नफिल पढ्नु हुदैन।

ईदैनको तक्बीर:

ईदगाह जाने बेलामा र फर्किने बेलामा उच्च आवाजले तक्बीर पढ्नु पर्छ।

((اللهُ أَكْبَرُ، اللهُ أَكْبَرُ، اللهُ أَكْبَرُ، لَا إِلَهَ إِلَّا اللهُ وَاللهُ أَكْبَرُ، اللهُ أَكْبَرُ وَ لِلهِ الْحَمْدُ))

**"अल्लाहु अक्बर, अल्लाहु अक्बर, अल्लाहु अक्बर, लाइलाह इल्लल्लाह, वल्लाहु अक्बर, अल्लाहु अक्बर व लिल्लाहिल्हम्द।"**

अर्थ: "अल्लाह सबैभन्दा महान हुनुहुन्छ, अल्लाह सबैभन्दा महान हुनुहुन्छ, अल्लाह सबैभन्दा महान हुनुहुन्छ। अल्लाह बाहेक अरु कोही पूज्यनीय छैन। अल्लाह सबैभन्दा महान हुनुहुन्छ, अल्लाह सबैभन्दा महान हुनुहुन्छ र सबै प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन्।"

**ईदैनको आदाब:**

१) ईदको बिहान स्नान गर्नु, नयाँ लुगा लगाउनु र सुगन्ध लगाउनु।

२) ईदुल-फित्रमा नमाजको लागि जानुअघि बेजोर खजुर खानु, यदि खजुर छैन भने कुनै पनि मिठो चिज खानु र कुर्बानीको ईदमा नमाजपछि कुर्बानीको मासु खानु।

३) ईदगाहमा पैदल जानु।

४) पुरुष र महिला सबै ईदगाहमा गएर नमाज पढ्नु।

५) फर्किने बेलामा गएको बाटो छोडेर अर्को बाटोबाट फर्किनु।

६) पुरुषहरूले ठूलो स्वरमा तक्बीर भन्नु। र महिलाहरूले सानो स्वरमा तक्बीर भन्नु

७) महिनावारी भएका महिलाहरू नमाज नपढे पनि ईदगाह जानु र दुआमा शामिल हुनु।

८) एक-अर्कामा ईदको बधाई आदानप्रदान गर्नु।

९) ईदको नमाजपछि एक अर्कालाई बोलाएर खाना खुवाउनु।

१०) गरीब-दु:खी, टुहुरा, बेसहारा, एकल महिला (विधवा) आदिलाई सहयोग गर्नु।

# صلاة الجنازة

## जनाजाको नमाज

इस्लामले एक मुस्लिमको अर्को मुस्लिम माथि केहि हक र अधिकारहरू तोकेका छन्। ती मध्ये रोगीलाई हेरचाह गर्नु, मृतकको अन्तिम संस्कारमा सहभागी भइ कफन दफन गर्नु र मृतकको लागि अल्लाह संग दुआ प्रार्थना गर्नु पनि एक हो। अन्तिम संस्कारमा सबभन्दा पहिला मृतकलाई स्नान गराउने, फेरि सेतो लुगामा कफन दिएर लाशलाई किब्ला तिर राखेर उसको लागि जनाजाको नमाज पढ्नु पर्दछ।

यदि पुरुषको जानाजा हो भने इमामलाई मृतकको टाउको निर उभिनु पर्छ र महिलाको जनाजा हो भने इमामलाई मृतकको बीच भागमा उभिनु पर्छ। (अबु दाउद)

जनाजाको नमाजको लागि सबै नमाजहरु जस्तै वजू गर्नु अनिवार्य छ। जनाजामा चार तक्बीर भन्नुपर्छ। जनाजाको नमाजमा पनि सुरह फातिहा पढ्नु जरुरी छ। (बुखारी)

जनाजाको नमाजको पहिलो तक्बीर पछि सुरह फातिहा र अरु कुनै सुरह मिलाएर पढ्नु पर्छ। (बुखारी)

दोस्रो तक्बीर पछि दरुद शरीफ पढ्नु पर्दछ। तेस्रो तक्बीर पछि निम्नलिखित दुआहरु पढ्नु पर्छ:

((اللَّهُمَّ اغْفِرْ لِحَيِّنَا، وَمَيِّتِنَا، وَشَاهِدِنَا وَغَائِبِنَا، وَصَغِيرِنَا وَكَبِيرِنَا، وَذَكَرِنَا وَأُنْثَانَا، اللَّهُمَّ مَنْ أَحْيَيْتَهُ مِنَّا فَأَحِيهِ عَلَى الإِسْلاَمِ، وَمَنْ تَوَفَّيْتَهُ مِنَّا فَتَوَفَّهُ عَلَى الإِيمَانِ. اللَّهُمَّ لاَ تَحْرِمْنَا أَجْرَه، وَلاَ تُضِلَّنَا بَعْدَهُ))

**"अल्लाहुम्मग्फिर्लिहय्यिना व मय्यितिना व शाहिदिना व गाइबिना व सगीरिना व कबीरिना व जकरिना व उन्साना। अल्लाहुम्म मन् अह्'यय्तहु मिन्ना फअह्'यिहि अलल् इस्लाम व मन् तवफ्फैतहु मिन्ना फतफ्फहु अलल् ईमान। अल्लाहुम्म ला तह्'रिम्ना अज्'रहु वला तुजिल्लना बअ्दहु।"**

अर्थ: "हे अल्लाह ! क्षमा गर्नुहोस् हाम्रा जीवितहरुलाई र मृतकहरुलाई, हाम्रा उपस्थित र अनुउपस्थितहरुलाई, हाम्रा नाबालक र प्रौढहरुलाई, हाम्रा पुरुष तथा महिलाहरुलाई। हे अल्लाह! हामीलाई इस्लाममा जीवित राख्नु र ईमानमा मृत्यु दिनु। हे अल्लाह! हामीलाई पुण्यबाट बन्चित नगर्नुहोस् र कुकर्मबाट बचाउनुहोस्। (मुस्लिम)

((اللَّهُمَّ اغْفِرْ لَهُ، وَارْحَمْهُ، وَعَافِهِ ، وَاعْفُ عَنْهُ، وَأَكْرِمْ نُزُلَهُ، وَوَسِّعْ مُدْخَلَهُ، وَاغْسِلْهُ بِالمَاءِ وَالثَّلْجِ وَالْبَرَدِ، وَنَقِّهِ مِنَ الْخَطَايَا كَمَا يُنَقَّى الثَّوْبُ الأَبْيَضُ مِنَ الدَّنَسِ ، وَأَبدِلْهُ داراً خَيْراً مِنْ دَارِهِ، وَأَهْلاً خَيْراً مِنْ أَهْلِهِ، وَزَوجًا خَيْراً مِنْ زَوجِهِ وَأَدْخِلْهُ الْجَنَّةَ، وَأَعِذْهُ مِنْ عَذَابِ الْقَبْرِ وَعَذَابِ النَّارِ))

**"अल्लाहुम्मग्फिर्लहु वर्हम्हु व आफिहि वअ्फु अन्हु व अक्'रिम् नुजुलहु व वस्सिअ मुद्खलहु वग्सिल्हु बिल्माइ वस्सल्जि वल्बरदि व नक्किहि मिनल् खताया कमा युनक्कस्सौबुल् अब्यदु मिनद्दनस्, व अब्दिल्हु दारन् खैरम्मिन् दारिहि व अह्'लन् खैरम्मिन् अह्'लिहि व जौजन् खैरम्मिन् जौजिहि व अद्खिल्हुल् जन्नत व अइज्हु मिन् अजाबिल् कब्'रि व अजाबिन्नार।"**

अर्थ: "हे अल्लाह! मृतकलाई क्षमा गरिदिनुहोस् र ऊ माथि कृपा गरेर शान्ति प्रदान गरिदिनुहोस्, उसलाई क्षमा गरिदिनुहोस्, उसको स्वागत सम्मानले गर्नुहोस्, उसको कब्र (चिहान) लाई फराकिलो बनाई दिनुहोस्। उसको पापलाई पानी, बरफ र (ओला) असिनाबाट पखालि दिनुहोस्। उसको गल्तीहरूलाई यसप्रकार सफा गरिदिनुहोस् जसरी सेतो लुगा फोहोर-मैलाबाट सफा गरिन्छ। उसको घरलाई एउटा असल घर बनाइ दिनुहोस्। उसको परिवारलाई एउटा असल परिवार बनाइ दिनुहोस्, उसको पत्नीलाई एउटा असल पत्नी बनाइ दिनुहोस्, उसलाई स्वर्गमा प्रवेश गराई दिनुहोस् र कब्रको यातना र नर्कको सजायबाट बचाउनुहोस्।" (मुस्लिम)

यदि बच्चाको जनाजा हो भने तेस्रो तक्बीरपछि **"अल्लाहुम्मग्फिर लिहय्यिना व मय्यितिना"** पढेर यो दुआ पढ्नु पर्छ:

((اللَّهُمَّ اجْعَلْهُ لَنَا سَلَفًا وَفَرَطًا وَأَجْرًا))

**"अल्लाहुम्मज्अहु लना सलफन व फरतन व अज्'रा।"** (बुखारी)

अर्थ: "हे अल्लाह! मृतकलाई स्वर्गमा हामीभन्दा अघि पुगेर हाम्रो स्वागत गर्नेवाला, बन्दोबस्त गर्नेवाला र पुण्यको माध्यम बनाई दिनुहोस्।" (बुखारी)

फेरि चौथो तक्बीर भनेर सलाम फेर्नु पर्छ, अब जनाजाको नमाज पूरा भयो।

# صلاة المسافر

# यात्रीको नमाज

अल्लाह तआलाले भन्नुभएको छ:

يُرِيدُ ٱللَّهُ بِكُمُ ٱلْيُسْرَ وَلَا يُرِيدُ بِكُمُ ٱلْعُسْرَ

अर्थ: "अल्लाह तआला तिमीहरूको लागि सरलता चाहनु हुन्छ कठोरता चाहनु हुन्न।" (अल-बकरह् १८५)

इस्लाम सरलताको धर्म हो त्यसैले अल्लाह तआला कुनै पनि व्यक्तिमाथि उसको सामर्थ्य भन्दा बढी बोझ दिनु हुन्न र उसलाई यस्तो आदेश दिनुहुन्न जसलाई पालन गर्न उसको क्षमता छैन। अत: यात्रामा दु:ख र कष्टको संभावना बढी हुन्छ त्यसैले अल्लाह तआलाले यात्रामा निम्नलिखित दुई कुराहरूको छुट दिनुभएको छ।

## १) नमाज कस्र गर्नु:

चार रकअतको नमाजलाई घटाएर दुई रकअत पढ्नुलाई नमाज कस्र गर्नु भनिन्छ। त्यसैले यदि तपाई यात्रामा हुनुहुन्छ भने जोहर, अस्र र इशाको नमाज चार रकअतको सट्टामा दुई रकअत पढ्नु पर्छ, तर फज्र र मगरिबको नमाजहरू सामान्य अवस्थामा झैं पढ्नु पर्छ, यी नमाजहरूमा कस्र गर्न मिल्दैन।

नमाजलाई कस्र गर्नु यो अल्लाह तआलाको तर्फबाट आफ्नो भक्तहरुको लागि एउटा छुट र सरलता हो र अल्लाह तआला यस कुरालाई मनपराउनु हुन्छ। जुन उत्साहले उहाँको आदेशको पालन

गरिन्छ त्यसरी नै उहाँले प्रदान गर्नु भएको छुट पनि स्वीकार हुन्छ। यात्राको सम्बन्धमा मोटर, रेल, जहाज, जनावरको प्रयोग गरेर र पैदल यात्रा गर्ने मध्ये केही अन्तर छैन, बरु यी सबै प्रकारको यात्रामा नमाज कस्र गर्न जायज छ। तर त्यो गलत नीयत र कार्यको लागि यात्रा नहोस्।

यात्रीले यदि स्थानीय इमामको पछाडि नमाज पढ्छ भने उसले पनि पूरै नमाज पढ्नुपर्छ किनकि नमाजमा इमामको अनुसरण अनिवार्य छ।

यसको विपरीत स्थानीय बासिन्दाले यात्रुको पछाडि नमाज पढ्छ भने इमामले त कस्र गर्छ तर इमामले सलाम फेरेपछि स्थानीय बासिन्दाले बाँकी रकअतहरू पूरा गरेर सलाम फेर्नुपछ।

यात्रामा फज्रको सुन्नत र वित्र बाहेक अरु सुन्नतहरु पढ्नु पर्दैन। यो नै नबी सल्लल्लाहु अलैहि व सल्लमको तरिका हो।

**२) दुई नमाजहरूलाई एक समयमा जमअ गरेर पढ्नु:**

जमअ भनेको दुई नमाज अर्थात जोहर र अस्र एक साथमा पढ्नु हो। यसैगरी मगरिब र इशा एक साथमा पढ्न सकिन्छ।

## जमअको दुई तरीकाहरू छन्:

**१) जमअ तकदीम:** जोहरको समयमा अस्र र मगरिबको समयमा इशालाई एक अजान र दुई इकामत (तक्बीर) ले एक समयमा दुईवटा नमाजहरू पढ्नुलाई जमअ तकदीम भनिन्छ।

**२) जमअ ताखीर:** माथिको विपरीत जोहरलाई अस्रको समयमा (पहिला जोहर अनि अस्र) र मगरिबलाई इशाको समयमा (पहिला

मगरिब अनि इशा) एक अजान र दुई इकामतले पढ्नुलाई जमअ ताखीर भनिन्छ। स्मरण रहोस् कि मात्र जोहर र अस्रको नमाज, अनि मगरिब र इशाको नमाज जमअ गरेर पढ्न सकिन्छ। त्यसैले अन्य नमाज जस्तै फज्र र जोहरको नमाज वा अस्र र मगरिबको नमाज जमअ गर्न मिल्दैन।

**नोट:** यात्रामा कस्र गर्नको लागि ओलमाहरुले ८० कि.मी. वा यो भन्दा टाढाको दूरी तोक्नु भएको छ।

## अविरल बर्षामा जमअ:

यदि अविरल बर्षाका कारण मस्जिदसम्म बारम्बार आउन गाह्रो हुन्छ भने यस्तो स्थितिमा जोहरको समयमा पहिला ४ रकअत जोहर पढेर सलाम फेर्नु, फेरि पुनः इकामत भनी अस्र पढ्नु जायज छ। यसैगरी मगरिबको समयमा पहिला मगरिब पढेर सलाम फेर्नु फेरि पुनः इकामत भनी इशा पढ्नु जायज छ। यसरी नै कुनै डर त्रास भएको बेलामा वा अति चिसो मौसम भएको बेलामा यसरी जमअ गरेर पढ्न सकिन्छ।

# صلاة الخوف

## डर त्रासको नमाज

**डरको नमाजको तरिका:**

युद्ध स्थलमा (रण क्षेत्रमा) इमामले लगातार २ जमाअतलाई नमाज पढाउनु पर्छ। एक समूहले नमाज पढिरहेको बेला अर्को समूहले सुरक्षा दिइरहेको हुन्छ। पहिलो जमाअतले पहिलो रकअत इमाम संग पढ्छ र दोस्रो रकअत आफै पूरा गरेर सलाम फेर्छ र सुरक्षाको लागि तैनाथ हुन्छ। त्यसपछि अर्को समूह आएर जमाअतमा सामेल हुन्छ, त्यतिन्जेल इमाम उभिएर दोस्रो जमाअतको प्रतीक्षा गर्नु पर्छ। दोस्रो जमाअतले इमाम संग १ रकअत पढेर (यो इमामको दोस्रो रकअत हो किनकी इमामले १ रकअत पहिलो जमाअत संग पढिसकेको हुन्छ) दोस्रो रकअत आफै पूरा गर्छ, त्यतिन्जेल इमाम तशह्हुदमा पर्खी बस्नु पर्छ। अनि तिनीहरूको दोस्रो रकअत पूरा भएपछि इमाम संगै सलाम फेर्छ।

# صلاة الاستخارة

# इस्तिखाराको नमाज

जब मान्छे कुनै कार्य गर्न चाहन्छ अनि कहिलेकाही दुबिधामा पर्छ गरौं कि नगरौ ! यस्तो स्थितिमा पढिने नमाजलाई इस्तिखाराको नमाज भनिन्छ। यसको तरिका यसप्रकार छन्; मनमा इस्तिखाराको नियत गर्नु, धैर्यतापूर्वक एकाग्रताका साथ २ रकअत पढ्नु र सलाम फेरे पछि निम्नलिखित दुआ पढ्नु।

**इस्तिखाराको दुआ:**

((اَللَّهُمَّ إِنِّي أَسْتَخِيْرُكَ بِعِلْمِكَ، وَاَسْتَقْدِرُكَ بِقُدْرَتِكَ، وَأَسْأَلُكَ مِنْ فَضْلِكَ الْعَظِيْمِ فَإِنَّكَ تَقْدِرُ وَلَا أَقْدِرُ وَتَعْلَمُ وَلَا أَعْلَمُ وَأَنْتَ عَلَّامُ الْغُيُوْبِ، اَللَّهُمَّ إِنْ كُنْتَ تَعْلَمُ أَنَّ هَذَا الأَمْرَ (وَيُسَمِّي حَاجَتَهُ) خَيْراً لِيْ فِيْ دِيْنِيْ وَمَعَاشِيْ وَعَاقِبَةِ أَمْرِيْ فَاقْدُرْهُ لِيْ وَ يَسِّرْهُ لِيْ ثُمَّ بَارِكْ لِيْ فِيْهِ وَإِنْ كُنْتَ تَعْلَمُ أَنْ هَذَا الأَمْرَ شَرٌّ لِيْ فِيْ دِيْنِيْ وَمَعَاشِيْ وَعَاقِبَةِ أَمْرِيْ فَاصْرِفْهُ عَنِّيْ وَاصْرِفْنِيْ عَنْهُ وَاقْدُرْ لِيَ الْخَيْرَ حَيْثُ كَانَ ثُمَّ أَرْضِنِيْ بِهِ))

**"अल्लाहुम्म इन्नी अस्तखीरुक बिइल्मिक, व अस्तक्दिरुक बिकुद्'रतिक व अस्अलुक मिन् फज्लिकल् अजीम, फइन्नक तक्दिरु वला अक्दिरु व तअ्लमु वला अअ्लमु, व अन्त अल्लामुल् गुयूब्। अल्लाहुम्म इन् कुन्त तअ्लमु अन्न हाजल् अम्'र (यहाँ कामको नाम लिनुहोस्) खैरन् ली फी दीनी व मआशी व आकिबति अम्'री फक्दुर्हु'ली व यस्सिर्हु'ली सुम्म बारिक्'ली फीहि व इन् कुन्त तअ्लमु अन्न हाजल् अम्'र (यहाँ कामको नाम लिनुहोस्) शर्रुन्'ली**

**फी दीनी व मआशी व आकिबति अम्'री फस्'रिफ्हु अन्नी वस्'रिफ्नी अन्हु वक्दुर्'लियल् खैर हैसु कान सुम्म अर्जिनी बिहि।"**

अर्थ: "हे अल्लाह! म तपाईको विद्या तथा ज्ञानको माध्यमले राम्रो कुरा चाहन्छु र तपाईको शक्तिको माध्यमले शक्ति माग्दछु। तपाईको दया र कृपा माग्दछु। तपाई नै शक्तिशाली हुनुहुन्छ, म शक्तिहीन छु। तपाई मात्र सर्वज्ञाता हुनुहुन्छ, म अज्ञानी छु। तपाईले मात्र परोक्ष कुराहरुको बारेमा ज्ञान राख्नु हुन्छ। हे अल्लाह! तपाईलाई थाहा छ कि यो काम (त्यस कामको नाम उल्लेख गर्नुस्) म, मेरो धर्म, मेरो जीवन र मेरो यस संसारिक कर्मको लागि र अन्तिम दिनको लागि राम्रो छ भने यो कामलाई मेरो हितमा गरिदिनु र यसलाई मेरो लागि सजिलो गरिदिनु, अनि मेरो लागि त्यसमा कल्याण गरिदिनु। तपाईलाई यो थाहा छ कि यो काम मेरो धर्म, मेरो जीवन, यो संसारको कर्मको लागि र अन्तिम दिनको लागि नराम्रो छ भने यस कामलाई म देखि टाढा गरिदिनु र मलाई यस कामबाट छुटकारा दिलाई दिनु। र मेरो निम्ति राम्रो काम नजिक गरिदिनु त्यो जहाँकही पनि होस्। फेरि मलाई त्यस कामको लागि राजी गरिदिनु।" (बुखारी)

इस्तिखाराको नमाज पछि अल्लाह आफ्नो कृपाले उसको मनमा लाभदायक कार्य हालिदिने छ वा नराम्रो कार्यबाट जोगाई दिने छ। एक पटकमा निर्णय भएन भने पुनः पढ्न सकिन्छ।

⬥ ⬥ ⬥

# صلاة الاستسقاء□

# इस्तिस्काको नमाज

खडेरी परेमा अथवा वर्षा नभएमा वर्षा माग्न पढिने नमाजलाई इस्तिस्काको नमाज भनिन्छ। रसूल सल्लल्लाहु अलैहि व सल्लम खडेरी परेमा वर्षाको लागि बाहिर मैदानमा गएर इस्तिस्काको नमाज पढ्नु हुन्थ्यो र अल्लाह तआला समक्ष विनम्रतापूर्वक उहाँको महानताको वर्णन गर्दै वर्षाको लागि बिन्ती र दुआ गर्नु हुन्थ्यो। उहाँका सदाचार अनुयायीहरु पनि आजसम्म उहाँकै अनुसरण गर्दै त्यसैगरी दुआ गर्दछन्। दुई रकअत बिना अजान र इकामत बाहिर मैदानमा गएर पढ्नु,यस नमाजको तरिका हो।

नमाज पछि इमामले मिम्बर माथि उभिएर खुत्बा दिनु हुन्छ अनि अल्लाह तआलाको धेरै स्तुति र गुणगान बयान गर्नुहुन्छ। फेरि दुबै हात उठाएर वर्षाको लागि एकदमै विनम्रताका साथ रुएर दुआ गर्नुहुन्छ। नमाज पढ्दा झैं इमामले किब्ला तर्फ मुख गरी रुएर वर्षाको लागि निम्नलिखित दुआ पढ्नु हुन्छ:

((اَللَّهُمَّ اسْقِنَا، غَيْثًا مُغِيْثاً مَرِيْئاً مَرِيْعاً، نَافِعاً غَيْرَ ضَارٍّ، عَاجِلًا غَيْرَ آجِلٍ))

**"अल्लाहुम्मस्किना, गैसम् मुगीसम् मरीअम् मरीआ, नाफिअन् गैर जार्रिन्, आजिलन् गैर आजिल्"**

अर्थ: "हे अल्लाह! हामीलाई वर्षा प्रदान गर्नुहोस्, जुन हाम्रो लागि मद्दत गर्ने वाला, मनलाई शान्ति दिने वाला, हरियो गर्ने

वाला, लाभ पुर्याउने वाला, हानी नोक्सानी नगर्ने वाला, छिटो आउने वाला, ढिलो नगर्ने वाला होस्।"

फेरि ओढ्ने उल्टाउनु पर्छ अथवा तलको माथि र दायाँ काँध माथि राखेको ओढ्ने बायाँ काँध माथि र बायाँ काँध माथि राखेको ओढ्ने दायाँ काँध माथि राख्नु पर्छ।

इमाम जस्तै मुक्तदीले पनि दुआ र ओढ्ने उल्टाउनु पर्छ।

अल्लाह तआलाले चाहनु भयोभने नमाज पछि अवश्य वर्षा हुनेछ।

# صلاة الكسوف والخسوف

## ग्रहणको नमाज

## (सलातुल् कुसूफ र खुसूफ)

कहिलेकाहीँ सूर्य वा चन्द्रमामा ग्रहण लाग्छ अथवा सूर्य वा चन्द्रमाको पूर्ण वा आंशिकरुपमा प्रकाश छेकिन्छ। यस्तो अवस्थामा इस्लाममा सलातुल् कुसूफ (ग्रहणको नमाज) पढ्ने आदेश दिइएको छ। सूर्य वा चन्द्रमा ग्रहण लाग्नु अल्लाहको निशानी (चिन्ह) हरु मध्ये एउटा चिन्ह हो। कुनै ठूलो मान्छे मर्यो भने ग्रहण लाग्ने होइन, बरु यो दुनियाँमा मानिसहरु कुकर्म गर्छन्। त्यसैले आफ्नो भक्तहरुलाई डर देखाई नराम्रो कर्महरुबाट बचाउनका लागि अल्लाह तआलाले एउटा चिन्ह देखाउनु भएको हो।

**नमाज पढ्ने तरिका:**

नमाज शुरू हुनुभन्दा केहि समय अघि मानिसहरूलाई ग्रहणको नमाजको घोषणा गर्नुपर्छ। मस्जिदमा सबै मानिसहरू जम्मा भईसकेपछि दुई रकअत नमाज पढ्नु पर्छ (यहाँ सूरह फातिहा पछि लामो सूरह) पढ्नु पर्छ र हरेक रकअतमा २ कयाम, २ रुकुअ र २ सज्दा गर्नु अनिवार्य छ।

पहिलो रकअतमा सूरह फातिहा पढेपछि लामो किरात गर्नु, फेरि "अल्लाहु अक्बर" भनेर रुकुअमा जानु र लामो रुकुअ गर्नु। फेरि **"समी अल्लाहु लिमन् हमिदह्"** भनेर टाउको उठाएर कियाम गरि सूरह फातिहा पढ्नु र पहिलाभन्दा अलि कम किरात गर्नु, फेरि

रुकुअमा जानु र पहिलाभन्दा अलि कम रुकुअ गर्नु, फेरि **"समी अल्लाहु लिमन् हमिदह्"** भनेर टाउको उठाएर उभिनु र दुई सज्दा गर्नु, यति गरेपछि एक रकअत पूरा हुन्छ, त्यसरी नै अर्को रकअत पढेर सलाम फेर्नु।

# أوقات الصلوات المنهية

## नमाजका केहि अवैध समयहरु

तल दिएका समयहरुमा नमाज पढ्नु अवैध गरिएको छः

१) ठीक सूर्योदय हुने बेला।

२) ठीक सूर्य डुब्ने बेला।

३) ठीक दिनको मध्यन्हमा।

४) अस्नको नमाजपछि सूर्यास्त नहुन्जेल सम्म।

५) बिहान फज्रको नमाज पछि सूर्योदय नहुन्जेल सम्म।

यी ५ समयहरूमा कुनै पनि नमाज पढ्नु जायज छैन, तर कुनैपनि कारणले फर्ज नमाजहरु छुटेका छन् भने ती फर्ज नमाजहरु पढ्न सकिन्छ।

त्यस्तै कुनै व्यक्ति माथि उल्लेखित समयहरूमा कुनैपनि मस्जिदमा प्रवेश गर्छ भने उसले दुई रकअत तहीय्यतुल् मस्जिद पढ्न सक्छ। किनकि एउटा हदीसमा नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छः

((إِذَا دَخَلَ أَحَدُكُمُ الْمَسْجِدَ فَلْيَرْكَعْ رَكْعَتَيْنِ قَبْلَ أَنْ يَجْلِسَ))(رواه البخاري و مسلم)

अर्थः "तिमीहरू मध्ये कुनैपनि व्यक्ति मस्जिदमा प्रवेश गर्यो भने नबस्, यहाँ सम्म कि दुई रकअत नमाज नपढोस्।" (बुखारी र मुस्लिम)

अन्तमा हामी लगायत सारा मुस्लिम पुरुष र महिलाहरूलाई अल्लाह सुब्हानहु व तआलाले जीवित राख्नु भयोभने इस्लाममा राखून् र मृत्यु दिनु भयोभने ईमानमा मृत्यु देऊन र हकलाई हक सम्झेर त्यसमाथि अमल गर्ने तौफीक प्रदान गरुन् तथा बातिललाई बातिल सम्झेर त्यसबाट बच्ने तौफीक प्रदान गरुन्। आमीन या रब्बल आलमीन।

# مراجع ومصادر

## श्रोतहरु

यस पुस्तिकामा निम्नलिखित पुस्तकहरुबाट सहायता लिइएको छ:
१) कुरआन करीम (हिन्दी अनुवाद: मुहम्मद ताहिर हनीफ)
२) बुखारी शरीफ
३) मुस्लिम शरीफ
४) बुलुगुल मराम (दारुस्सलाम)
५) इस्लाम र ईमानको स्तम्भ (हिन्दी अनुवाद: एम.आर. रहमान)
६) अहादीस अरबईन नववी (अनुवाद: दारुस्सलाम)
७) इस्लाम प्रवेशिका (लेखक: शैख मुहम्मद मुश्ताक)
८) हिस्नुल मुस्लिम (अनुवाद: अबु फैसल आबिद)
९) नमाजको वर्णन (अनुवाद: जमीर अहमद अब्बास)
१०) नबी सल्लल्लाहु अलैहि वसल्लमको नमाज (लेखक: शैख इब्ने बाज रहेमहुल्लाह)
११) नमाजको शिक्षा (लेखक: शैख अब्दुल्लाह अज्जैद)

ح المكتب التعاوني للدعوة والإرشاد بالبطحاء، ١٤٣١هـ

**فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر**

تامانغ، اسماء

**كيفية الطهارة والصلاة**/ اسماء تامانغ .- الرياض ١٤٣١هـ

٨٤ص؛ ١٤×٢١سم

ردمك: ٠-٨٢-٧٩٨-٩٩٦٠-٩٧٨

(الكتاب باللغة النيبالية)

الطهارة (فقه إسلامي) ٢- الصلاة أ. العنوان

ديوي ٢٥٢ ١٤٣١/ ٩٩٨٠

**رقم الإيداع: ٩٩٨٠/ ١٤٣١**

**ردمك: ٠-٥-٨٢-٧٩٨-٩٩٦٠-٩٧٨**

# كيفية الطهارة والصلاة

## باللغة النيبالية

إعداد:

**أسماء تامانغ**

مراجعة:

**محمد سليم ساجد المدني**

**ضمير أحمد عباس المدني**

**محمد مستقيم حبيب الرحمن المدني**

**سلمان جريل**


الناشر

**جمعية الدعوة والإرشاد وتوعية الجاليات بالبطحاء**

ص. ب: 20824- الرياض: 11465

هاتف: 4083405-4030251 فاكس: 4059387